कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड

## MOUNT EVEREST POWER DEVELOPMENT LIMITED

रजिष्टर्ड कार्यालय : महालक्ष्मीस्थान वडा नं. १५, ललितपुर, नेपाल
**फोन नं.: +९७७ १ ५४२७४६९**
Email: mounteverestpower@gmail.com Website: www.mounteveresthydro.com

को

## विवरण-पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीले आफ्नो जारी पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छयासी करोड रुपैयाँ मात्र) को ३० प्रतिशत अर्थात रु.२५,८०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका कूल २५,८०,००० कित्ता साधारण शेयरको प्राथमिक सार्वजनिक निष्काशन गर्नेछ । जसमध्ये जारी पूँजीको १० प्रतिशत अर्थात ८६०,००० कित्ता आयोजना प्रभावित क्षेत्रका स्थायी बासिन्दाहरु (तालिकामा उल्लेखित) को निमित्त तथा सर्वसाधारणलाई निष्काशन गरिने जारी पूँजीको २० प्रतिशत अर्थात १,७२०,००० कित्ता शेयर मध्ये १० प्रतिशत अर्थात १,७२,००० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, २ प्रतिशत अर्थात ३४,४०० कित्ता कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि र ५ प्रतिशत अर्थात ८६,००० कित्ता सामूहिक लगानी कोषका लागि शेयर बाँडफाँड गरी बाँकी रहेको १४,२७,६०० कित्ता साधारण शेयरहरुको सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन गरिने ।

| आयोजना प्रभावित क्षेत्र | छुट्याइएको शेयर संख्या | रकम रु. |
|---|---|---|
| **अति प्रभावित क्षेत्र**, सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. वडा नं १ र २ (४०%) | ३,४४,००० | ३,४४,००,००० |
| **प्रभावित क्षेत्र**, सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. का १ र २ बाहेक अन्य वडाहरु (६०%) | ५,१६,००० | ५,१६,००,००० |
| **जम्मा** | **८,६०,०००** | **८,६०,००,०००** |

कथंकदाचित आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा, वैदेशिक रोजगारमा रहेका नेपालीहरु, कर्मचारी तथा सामूहिक लगानी कोषका लागि छुट्याईएको शेयर पूर्ण रुपमा बिक्री नभएमा बाँकी रहेको शेयर सर्वसाधारणमा थप गरी निष्काशन गरिनेछ ।

**दरखास्तसाथ प्रति शेयर रु.१००/- अंकित दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**संक्षिप्त वित्तीय विवरण**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२ पौष मसान्त | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| संचित मुनाफा (रु.हजारमा) | (२८,५३६) | ११,५१९ | ४१,२०० | ८४,१२० | १६२,४५५ | ३३२,१२२ | ५२२,६८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९५.२६ | १०१.९१ | १०६.८४ | ११३.९७ | ११८.८९ | १३८.६२ | १६०.७८ |
| प्रति शेयर आम्दानी (रु.) | (०.०७) | ०.१३ | ५.१३ | १२.१३ | १४.५८ | १९.७३ | २२.१६ |

**आ.व २०८०/८१ को वित्तीय विवरण एनएफआरएस बमोजिम तयार गरिएकोले आ.व. २०७९/८० र २०७८/७९ को वित्तीय विवरण लेखापरीक्षण भएको सम्बन्धित आ.व सँग को विवरण भन्दा फरक पर्न गएको विवरण दफा ग.९.क (पृष्ठ नं.२५) मा उल्लेख गरिएको ।**

**आयोजनाको नाम :** दुधकुण्ड खोला जलविद्युत आयोजना
**आयोजनाको कूल लागत :** रु. २,३६,९३,२०,०४२/- [Interest during construction (IDC)] सहित
**प्रति मेगावाट लागत :** आयोजनाको प्रति मेगावाट लागत रु १९,७४,४३,३३६/८३
**विद्युत उत्पादन क्षमता :** १२ मेगावाट
**विद्युत उत्पादन अनुमतिको बाँकी अवधि :** अनुमतिपत्र बहाल रहने अवधि मिति २०७६/०८/१८ देखि २१११/०८/१७ सम्म रहेकोले २८ वर्ष ९ महिना बाँकी रहेको छ ।
**साधारण लगानी फिर्ता हुने अवधि :** ६.४० वर्ष
**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :** ८.९४ वर्ष

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८ (पृष्ठ नं. १८)** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**कर्मचारी, संस्थापक तथा सञ्चालकहरु तथा संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले समेत यस सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैन ।**

**रेटिङ्ग सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८२/०९/०८ को प्राप्त पत्र अनुसार "CARE-NP BB+ (Is) [Double B Plus (Issuer)]" को प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेका (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ । केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । उक्त विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) **(पृष्ठ नं. ४५)** मा समेत उल्लेख गरिएको छ ।

**रेटिङ्ग प्राप्त गरेको मिति : २०८२/०९/०८ (सन् २०२५, डिसेम्बर २३)** **बहाल रहने मिति : २०८३/१०/२४ (सन् २०२७, फेब्रुअरी ०७)**

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०८३/०१/०२ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८३/०१/०४ |

विद्युत नियमन आयोगबाट कम्पनीको प्राथमिक सार्वजनिक निष्काशनको लागि स्वीकृति प्राप्त भएको मिति : २०८१/०१/१८

**सार्वजनिक निष्काशन खुल्ला हुने अवधि**

निष्काशन खुल्ला हुने मिति : २०८३/०३/०३ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८३/०३/०८ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८३/०३/१७ गते (बैंकिङ्ग समय पश्चात्)

**यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको शेयर सर्वसाधारणलाई निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-५९७१२३३, ४००५०८०, ४००५१५७
Email : info@nimbacecapital.com, Website : www.nimbacecapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**क)** **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम तयार गरिएको निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

**ख)** **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंलाई सम्झनु पर्दछ ।

**ग)** **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशन कम्पनी माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड, ललितपुर उपमहानगरपालिका, महालक्ष्मीस्थान, वडा नं. १५, ललितपुरलाई सम्झनु पर्दछ ।

**घ)** **"संकलन केन्द्र"** भन्नाले भन्नाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई वा सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारामका साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

**ङ)** **"आयोजना"** भन्नाले कम्पनीद्वारा निर्माणाधीन १२ मेगावाट जडित क्षमताको "दुधकुण्ड खोला जलविद्युत आयोजना" लाई सम्झनु पर्दछ ।

**च)** **"आधारभूत शेयरधनी"** भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेका शेयरधनी भन्ने सम्झनु पर्दछ ।

**छ)** **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंक वा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

**ज)** **"साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले लगानीको लागत उठाउन लाग्ने समय बुझ्नुपर्दछ ।

**झ)** **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले आयोजनाको भविष्यमा हुने नगद प्रवाहलाई Weighted Average Cost of Capital (WACC) को आधारबाट डिस्काउण्ट गरेर आजको लगानी लागतमा ल्याउन लाग्ने समय बुझ्नुपर्दछ ।

**ञ)** **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

**ट)** **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडका संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

**ठ)** **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरलाई सम्झनु पर्दछ ।

**ड)** **"सि-आस्बा (C-ASBA) सदस्य"** भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदका लागि दरखास्त संकलन गर्न तथा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ५ बमोजिम बोर्डबाट अनुमति प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्दछ ।

**ढ)** **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले आयोजना क्षेत्र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिकाको सम्पूर्ण वडाहरु सम्झनु पर्दछ । जसमध्ये सोलुदुधकुण्ड नगरपालिकाको वडा नं १ र २ लाई अति प्रभावित क्षेत्र र सोलुदुधकुण्ड नगरपालिकाको वडा नं १ र २ बाहेक अन्य बाँकी वडाहरुलाई लाई प्रभावित क्षेत्रमा स्थायी रुपमा बसोवास गर्ने बासिन्दाहरुलाई जनाउँदछ ।

**ण)** **"वैदेशिक रोजगारमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुलाई सम्झनु पर्दछ ।

**त)** **"खुद सम्पत्ति मूल्य"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कूल जोडमा सञ्चित नोक्सानीको कूल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्दछ ।

## ख.२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

| **विवरणपत्र प्राप्त गर्ने स्थान :** |
|---|
| माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेड, वडा नं.१५, ललितपुर र वेबसाइट www.mounteveresthydro.com |
| एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट www.nimbacecapital.com |
| नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

### आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट आवेदन दिन असमर्थ आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका संकलन केन्द्रहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

| | |
|---|---|
| माछापुच्छ्रे बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु | प्रभु बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु |
| नेपाल बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु | एनएमबि बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु |

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ मात्र) शुल्क बुझाउनु पर्नेछ ।

| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :** |
|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरि सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**ग.१ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क) संगठित संस्थाको संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल विद्युत प्राधिकरण, विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । यस कम्पनीले साधारण शेयर निष्काशनका लागि विद्युत नियमन आयोगबाट मिति २०८१/०१/१८ गते स्वीकृति प्राप्त गरिसकेको छ । साथै, कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने सम्पूर्ण विवरणहरु पेश गरेको हुनाले मिति २०८२/०७/०४ गते प्राप्त पत्र अनुसार यस कम्पनी आर्थिक वर्ष २०८१/०८२ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ ।

**ग.२.घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

क) यस कम्पनीका संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका छैनन् ।

ख) यस कम्पनीका संचालक वा प्रमुख कार्यकारी अधिकृत कालोसूचीमा नरहेको साथै अन्य सूचिकृत संगठित संस्थामा संचालक नभएको ।

ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाका संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

ङ) यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क) संगठित संस्थाको पृष्ठभूमी :**

**क) संस्थाको नाम :** माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेड (Mount Everest Power Development Limited)

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर उपमहानगरपालिका वडा नं. १५, महालक्ष्मीस्थानमा रहेको छ । आवश्यकता अनुसार कम्पनी ऐन, २०६३ बमोजिम रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

**ग) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१ साल कार्तिक ३० गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०८०/०३/२८ गते पब्लिक लिमिटेडको रुपमा परिणत भएको हो । साथै, कम्पनी ऐन, २०६३ दफा ६३ बमोजिम कारोबार सञ्चालन स्वीकृति पत्र प्राप्त गरी मिति २०८०/०५/१५ गते देखि कारोबार सञ्चालन गर्दै आईरहेको छ ।

**घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड नगरपालिकामा रहेको छ ।

**ङ) संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाका मुख्य उद्देश्यहरु :**
**कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१) नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७१/०७/३०, दर्ता नम्बर १२८४४३/०७१/०७२ मा माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट प्राईभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०८०/०३/२८ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार संचालन गर्दै आइरहेको छ ।

२) सगरमाथा अञ्चल सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. वडा नं. १ (साविक टाक्सिन्दु गा.वि.स) र सोलुदुधकुण्ड न.पा. वडा नं. २ (साविक बेनी गा.वि.स) मा अवस्थित दुधकुण्ड खोलाको पानीबाट १२ मेगावाट क्षमताको दुधकुण्ड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षणका लागि विद्युत ऐन, २०४९ बमोजिम मिति २०७३/१२/१३ गते अनुमतिपत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरिद बिक्री गर्नका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७५/०४/०१ गते विद्युत खरिद सम्झौता (PPA) गरेको छ । उक्त सम्झौताको संशोधनहरु देहाय बमोजिम रहेको छन् :

पहिलो संशोधन : मिति २०७५/१२/२१ गते
दोश्रो संशोधन : मिति २०७८/०९/१८ गते
तेश्रो संशोधन : मिति २०८०/०२/२४) गते

उक्त सम्झौताको अवधि २९ वर्ष ३ महिना बाँकी रहेको छ ।

३) यस कम्पनीले सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. मा अवस्थित दुधकुण्ड खोला जलविद्युत आयोजनाबाट १२ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण गर्न विद्युत विकास विभागबाट मिति २०७६/०८/१८ गते विद्युत उत्पादनको अनुमति प्राप्त गरेको छ ।

४) आयोजनाबाट उत्पादित विद्युत २४.५८ कि.मि. लामो ३३ के.भि. सिङ्गल सर्किट प्रसारण लाइन मार्फत सोलुखुम्बु जिल्लामा अवस्थित नेपाल विद्युत प्राधिकरणको १३२ के.भि. तिङ्गला सव-स्टेशनमा जोडिएको छ ।

५) यस आयोजनाको कूल लागत रु. २,३६,९३,२०,०४२/०० र प्रति मेगावाट उत्पादन लागत रु. १९,७४,४३,३३६/८३ रहेको छ ।

६) कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत शेयर संस्थापक शेयरधनीहरुसंग रहेकोमा हाल यस कम्पनीमा ३४ जना संस्थापक शेयरधनीहरु रहेका छन् ।

७) प्रसारण लाइन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| | |
|---|---|
| प्रसारण लाइनको दुरी : | २४.५८ कि.मी. |
| प्रसारण लाइन जोडिने नेपाल विद्युत प्राधिकरणको सव-स्टेशन : | तिङ्गला (लमाने) सव-स्टेशन |
| खम्बा (Pole) को संख्या : | ६५० |
| भोल्टेज लेभल : | ३३ के.भि. सिङ्गल सर्किट |
| निर्माण प्रगति प्रतिशत : | १००% |
| प्रसारण लाइन अनुमतिपत्र प्राप्त मिति : | २०८१/०१/२० |
| प्रसारण लाइन बहाल रहने मिति : | २१०६/०१/१९ |

८) मिति २०८१/०४/१६ गते देखि यस आयोजनाको व्यापारिक उत्पादन शुरु भैसकेकोले व्यवसायिक रुपमा विद्युत उत्पादन भएको पहिलो वर्ष सुख्यायाम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) मा प्रति युनिट रु ८।४० र वर्षायाम (जेष्ठ १६ देखि मंसिर १५ सम्म) मा रु ४।८० को विद्युत खरिद मूल्यदर र प्रत्येक वर्ष उक्त दरमा ३% का दरले ८ वटा मूल्य बृद्धि लागू हुने भएकोले आयोजनाबाट उत्पादित विद्युतको विद्युत खरिद दर निम्नानुसार कायम गरिएको ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी) | सुख्खायाम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) (प्रति युनिट रु.) | वर्षायाम (जेष्ठ १६ देखि मंसिर १५ सम्म) (प्रति युनिट रु.) |
|---|---|---|
| २०८१ श्रावण १६ देखि २०८२ श्रावण सम्म | ८।४० | ४।८० |

| | | |
|---|---|---|
| २०८२ भाद्र देखि २०८३ श्रावण सम्म | ८६५ | ४९४ |
| २०८३ भाद्र देखि २०८४ श्रावण सम्म | ८९० | ५०९ |
| २०८४ भाद्र देखि २०८५ श्रावण सम्म | ९१६ | ५२३ |
| २०८५ भाद्र देखि २०८६ श्रावण सम्म | ९४१ | ५३८ |
| २०८६ भाद्र देखि २०८७ श्रावण सम्म | ९६६ | ५५२ |
| २०८७ भाद्र देखि २०८८ श्रावण सम्म | ९९१ | ५६६ |
| २०८८ भाद्र देखि २०८९ श्रावण सम्म | १०१६ | ५८१ |
| २०८९ भाद्र देखि सम्झौता अवधिसम्म | १०४२ | ५९५ |

**आ.व. २०८१/८२ मा नेपाल विद्युत प्राधिकरणबाट भएको आम्दानी विवरण :**

| महिना | Bill Amount | NEA Electricity Bill | Short Supply | Royalty (2% of Bill Amt) | Annual Bay charge | Net Receivable |
|---|---|---|---|---|---|---|
| श्रावण | १९,८३८,७५३ | ४७,८४४ | - | ३९६,७७५ | ४३२,००० | १८,९६२,१३४ |
| भाद्र | ४०,७१६,५२९ | २,३७६ | - | ८१४,३३१ | - | ३९,८९९,८२३ |
| आश्विन | ३६,३७४,७०७ | २१६ | - | ७२७,४९४ | - | ३५,६४६,९९७ |
| कार्तिक | ३१,२२९,२२२ | ८६४ | - | ६२४,५८४ | - | ३०,६०३,७७४ |
| मंसिर | २७,५९७,८०६ | ४३२ | - | ५५१,९५६.११ | - | २७,०४५,४१७.५० |
| पौष | २५,९३२,८१० | १०८ | - | ५१८,६५६ | - | २५,४१४,०४६ |
| माघ | २१,५१९,८२७ | ९७२ | - | ४३०,३९७ | - | २१,०८८,४५८ |
| फाल्गुन | १७,७७४,८११ | ४३२ | - | ३५५,४९६ | - | १७,४१८,८८३ |
| चैत्र | १६,६६३,३९७ | ८६४ | १,२०२,४०६ | ३३३,२६८ | - | १५,१२६,८६० |
| बैशाख | १६,१०९,३८७ | ४३२ | ८,४९९,६५८ | ३२२,१८८ | - | ७,२८७,११० |
| जेष्ठ | १६,०८५,२३८ | ६४८ | ८,६७७,२३३ | ३२१,७०५ | - | ७,०८५,६५३ |
| आषाढ | ४०,३१७,८३२ | १,९४४ | - | ८०६,३५७ | - | ३९,५०९,५३१ |
| Less: अग्रिम Bay Charge | | | | | (१७,५५३) | |
| **जम्मा** | **३१०,१६०,३१९** | **५७,१३२** | **१८,३७९,२९६** | **६,२०३,२०६** | **४१४,२४७** | **२८५,०८८,६८५** |

**प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :**

- यस आयोजना नेपालको प्रदेश-१, सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका-१ र २ (साविक टाकसीन्दु र बेनी गा.वि.स.) मा रहेको र आयोजना अनुमती नम्बर वि.वि.वि.०७३/०७४ वि.उ.स.७९३ प्रस्तावित आयोजना भौगोलिक हिसाबले आयोजना क्षेत्रको देशान्तर ८६° ३५'५२'' देखि ८६° ३६'४८'' पूर्व तथा अक्षांश २७° ३५'१०'' देखि २७° ३७'०५'' उत्तरमा रहेको छ।
- यस आयोजना स्थलको उचाइ समुन्द्रिक सतहबाट २९१४ मिटर देखि २५९८ मिटर रहेको र जलाधार क्षेत्र २१.५ वर्ग किलोमिटर रहेको छ। यस आयोजना क्षेत्रको हावा र शोरको स्तर दुवै सामान्य र प्राकृतिक अवस्थाको अधिनमा रहेको छ।
- प्रस्तावित दुधकुण्ड जलविद्युत आयोजना (१२ मेगावट) रन अफ द रिभर प्रकार आयोजना हो। आयोजनाको संरचनाहरु जस्तै Diversion weir, हेडरेस पाइप, सर्ज पाइप, पेनस्टक पाइप र पावर हाउस नदि किनाराको दायाँ पट्टी रहनेछ। प्रस्तावित हेडवर्क्स दुधकुण्ड र पुन्सरे खोलाको १०० मि. माथि रहेको छ। हेड रेस पाइप, सर्ज पाईप् र पेन्स्टक बाझो ठाउ हुदैं जङ्गलमा स्थित छ।
- आयोजनाको Design Discharge ४.५९ घन मि. प्रति सेकेन्ड, क्षमता १२००० किलोवाट र अधिकत्तम नेटहड ३०५.६४ छ। हेडवर्क्स देखि पावर हाउसमा खोलाको लम्बाई करीब ३ कि.मि. रहेको छ, यसरी आयोजना संचालन हुदा ३ कि.मि. खोला प्रभावित हुनेछ। आयोजनाबाट वार्षिक रुपमा ७१.५२५GWh उर्जा उत्पादन हुनेछ जसमा २२.६३६ GWh उर्जा सुख्खा याममा र ४८.८८९ Gwh वर्षयाममा उत्पादन हुनेछ।
- यस आयोजनाको निमार्ण अवधिमा भौतिक तथा रासायनिक वातावरणीय प्रभावहरुमा ८.१२ हेक्टर जमिनको भू-उपयोगमा परिवर्तन, ४.८७ हेक्टर स्थायी रुपमा र ३.२५ हेक्टर अस्थायी रुपमा प्रयोग हुनेछ।
- यस आयोजनाको निर्माण अवधिमा सायासा सामुदायिक वनबाट ३.४७ हेक्टर स्थायी रुपमा र ०.३५ हेक्टर अस्थायी रुपमा प्रयोग हुने र आयोजना कार्यान्वयनको क्रममा खोला/नाला बगरको ०.३२ हेक्टर जग्गा स्थायी रुपमा र ०.८५ हेक्टर जग्गा अस्थायी रुपमा प्रयोग गरिनेछ। यस आयोजनाले राष्ट्रिय वन क्षेत्रबाट (सामुदायिक वन र खोला/नदि बगर) ४.९९ हेक्टर जग्गा स्थायी-अस्थायी रुपमा प्रयोग गर्नेछ।
- आयोजनाले निर्माण क्रममा सामुदायिक वनबाट काटिने १६४१ रुखको सट्टामा १:२५ अनुपातमा आयोजना वरपर रुख लगाई ५ वर्ष सम्म रेखदेख गरि वन कार्यालयलाई हस्तान्तरण गर्नेछ। वातावरण अभिवृद्धिको लगि बाझो जमिन र खुल्ला भिरालो जमिनमा वृक्षारोपन गरिने, खोलामा बाध बनाइनेछ र बायो इन्जिनियरिङ्ग गरिनेछ। यी जैविक वातावरण न्यूनीकरणको लागि मुख्य उपयाहरु हुन्।

**आयोजनाको अनुमति बहाल रहने अवधि समाप्त भए पश्चात् आयोजनाको हस्तान्तरण सम्बन्धी योजना :** आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्रदान मिति २०७६/०८/१८ रहेको छ । उत्पादन अनुमतिपत्र बहाल रहने मिति २१११/०८/१७ गते रहेको छ । उत्पादन अनुमतिपत्रको बाँकी अवधि २९ वर्ष ३ महिना रहेको छ । अनुमतिपत्रको अवधि समाप्त भए पश्चात् यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ तत्पश्चात् आयोजना मर्मत तथा संचालनको पूर्ण जिम्मा नेपाल सरकारको हुनेछ तर यस कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कारोबार गरेको हुनाले कम्पनीको अस्तित्व नियमानुसार कायम नै रहनेछ । कम्पनीमा लगानी गरेका शेयरधनीहरु कम्पनीकै शेयरधनीहरुका रुपमा रहिरहने छन् । कम्पनीले आफ्नो आम्दानीबाट अन्य आयोजनामा समेत लगानी गर्न सक्ने भएकाले एक भन्दा बढी आयोजनाबाट प्रतिफल लिई कम्पनीले आफ्ना शेयरधनीलाई निरन्तर प्रतिफल दिन सक्नेछ । भविष्यमा कम्पनीले गर्न सक्ने लगानी सम्बन्धी विवरण कम्पनीका संचालकहरु र साधारणसभाबाट शेयरधनीहरुको उपस्थितिले तय गर्ने भएकोले शेयरधनीलाई लगानी निर्णयमा उचित जानकारी मिल्नेछ ।

**व्यापारिक उत्पादन पश्चात् प्राकृतिक प्रकोपबाट हालसम्म कुनै क्षति पुऱ्याई कम्पनीलाई कुनै प्रकारको वित्तीय क्षति पुऱ्याएको भए सो सम्बन्धी विवरण :** व्यापारिक उत्पादन पश्चात् प्राकृतिक प्रकोपबाट यस आयोजनालाई हालसम्म कुनै प्रकारको क्षति नभएको ।

आयोजनाको निर्माण तोकिएकको समयभन्दा अगावै सम्पन्न भई व्यापारिक रुपमा तोकिएको मिति भन्दा दुई महिना बाह्र दिन अगाडी विद्युत उत्पादन शुरु गरेको छ । आयोजनाको नेपाल विद्युत प्राधिकरणसंग गरेको विद्युत खरिद बिक्री सम्झौता अनुसार व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) २०८१/०६/२८ रहेकोमा आयोजना निर्माण सम्पन्न गरी व्यापारिक उत्पादन शुरु भएको मिति (Commercial Operation Date) २०८१/०४/१६ रहेको छ ।

**यस कम्पनीको माथिल्लो दुधकुण्ड खोला जलविद्युत आयोजना (१२ मे.वा.) को संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

| | |
|---|---|
| आयोजनाको नाम | दुधकुण्ड खोला जलविद्युत आयोजना |
| आयोजना स्थल | सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड न.पा. |
| श्रोत नदी | दुधकुण्ड खोला |
| आयोजनाको किसिम | रन अफ रिभर (Run-off-River) |
| आयोजनाको उत्पादन क्षमता | १२ मेगावाट |
| ग्रस हेड | ३१६.० मिटर |
| नेट रेटेड हेड | ३११.११ मिटर |
| वार्षिक औषत इनर्जी आउटेज | ७०.४८ गिगावाट (GWh) |
| डाइभर्सन वायर | Boulder Lined Concrete Wier |
| जेनेरेटर | 3 Phase synchronous<br>6.3 kV |
| ट्रान्सफर्मर | 3 Phase, ONAN cooled, Outdoor type<br>33/6.3 kV |
| डिस्यान्डीङ्ग वेसिन | Double chamber, gravity flushing type |
| हेडरेस पाइप | Mild steel circular |
| टेलरेस | Box type, RCC |
| टर्वाइन | Pelton, Vertical Axis |
| पेनस्टक पाइप | Surface, mild steel circular shaped |
| व्यापारिक उत्पादन शुरु मिति | २०८१/०४/१६ |
| आयोजनाको कूल लागत | रु. २,३६,९३,२०,०४२/- |
| आयोजनाको प्रति मेगावाट लागत | रु. १९,७४,४३,३३६/८३ |

**Project Construction शुरु र सम्पन्न हुने मिति सम्बन्धमा :**

| | |
|---|---|
| आयोजना सुरु भएको मिति : | २०७८/०३/०४ |
| आयोजना समाप्त हुने अनुमानित मिति : | २०८१/०४/१६ (व्यापारिक उत्पादन भएको मिति) |

**<u>कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :</u>**

१) विद्युत आयोजनाहरुको अध्ययन गरी नेपालका विभिन्न भागमा रहेका नदी, खोलानाला, तालहरुबाट निजी क्षेत्रमा जलविद्युत (Hydropower) को सर्वेक्षण, उत्पादन, प्रसारण र वितरण गर्ने गराउने एवं आवश्यकता अनुसार विद्युत गृह, प्रसारण तथा वितरण लाईन र जलविद्युतका अन्य भौतिक संरचनाहरुको निर्माण तथा मर्मत संभार गर्ने, संचालन गर्ने ।

२) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक निजी क्षेत्रमा सौर्य (Solar), वायु (Wind), तापिय (Thermal), जैविक शक्ति (Bio Energy) आदि श्रोतबाट पनि वैकल्पिक उर्जा उत्पादन गरी प्रसारण तथा बिक्री वितरण गर्ने ।

३) विद्युत उर्जा र वातावरण विकासको क्षेत्रमा इन्जिनियरिङ्ग परामर्श सेवा प्रदान गर्ने, जलविद्युत तथा नविकरणीय उर्जा सम्बन्धी आयोजनाहरुको सर्वेक्षण, अन्वेषण, अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रको विकास/प्रबर्द्धन गर्ने गराउने ।

४) जलविद्युत लगायत उर्जा विकास निर्माणको क्षेत्रमा हुने वातावरणीय पक्षलाई मध्यनजर राखि वातावरको अनुसन्धान र विकास विनासलाई रोकथाम गर्ने, उपायहरुको अवलम्बन गर्ने, उपायहरुको खोजि गरी लागु गर्ने ।

५) देशमा निर्मित साना, मझौला र ठूला जलविद्युत आयोजनाहरुसंग समन्वय तथा सहकार्य गरी विद्युत आपूर्ति तथा वितरण गर्ने ।

६) हाइड्रोपावर तथा निर्माण व्यवसाय संग सम्बन्धित उपकरणहरु, मेसिन, औजार, इलेक्ट्रोनिक, इलेक्ट्रिकल सामान, उपकरण तथा प्रविधि विदेशबाट आयात तथा खरिद गरी ल्याउने, थोक तथा खुद्रा बिक्री गर्ने, वितरण गर्ने र बजारको प्रबर्द्धन गर्ने ।

७) उर्जा उत्पादन तथा भौतिक संरचनाहरुको निर्माणको क्षेत्रमा वैदेशिक लगानी प्रवर्द्धनको लागि विदेशी कम्पनीहरु संग आवश्यक सहकार्य गर्ने ।

८) नेपाल सरकारको स्वामित्वमा रहेका विभिन्न आयोजनाहरु दिर्घकालिन वा अल्पकालिन रुपमा लिजमा लिई संचालन गर्ने गराउने ।

९) माथि उल्लेखित उद्देश्य कार्यान्वयन गर्न होल्डिङ्ग कम्पनी, सहायक कम्पनी र संयुक्त उपक्रम (Joint Venture Special Purpose Vehicle - SPV) को स्थापना गरी उर्जा विकासको क्षेत्रमा कार्य गर्ने गराउने ।

९) कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडले सोलुखुम्बु जिल्लाको बेनी गा.वि.स. मा अवस्थित दुधकुण्ड खोलाको पानी प्रयोग गरी १२ मेगावाट क्षमताको "दुधकुण्ड खोला जलविद्युत आयोजना" को सर्वेक्षणको लागि विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गरेको र सो आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्राधिकरणको प्रसारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने र प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरिद गर्नका लागि प्राधिकरणसँग मिति २०७५ साल श्रावण ०१ गते सम्झौता भैसकेको छ ।

१०) **आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति :** नेपाल सरकार उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागको मिति २०७६/०८/२३ मा प्राप्त पत्र अनुसार दुधकुण्ड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको र उक्त अनुमतिपत्र संख्या : वि.वि.वि. २०७६/७७ बि.उ. २८० मिति २०७६/०८/१८ देखि मिति २१११/०८/१७ सम्म बहाल रहनेछ ।

११) **आयोजनाको प्रसारण लाइन अनुमति प्राप्त गरेको मिति :** नेपाल सरकार उर्जा मन्त्रालय जलश्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागको मिति २०८१/०१/२१ मा प्राप्त पत्र अनुसार दुधकुण्ड खोला साना जलविद्युत आयोजनाका ३३ के.भी. विद्युत प्रसारण लाईनको अनुमतिपत्र (अनुमति पत्र संख्याः वि.वि.वि. ०८०/०८१, वि.प्र. २३५) मिति २०८१/०१/२० देखि मिति २१०६/०१/१९ सम्म २५ (पच्चिस) वर्ष बहाल रहनेछ ।

१२) **कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :**

उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधिसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठीक ठहरिएमा काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ ।

यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नुपर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाब गरिनेछः

**हर्जाना रकम रु** = ०.०५ X कन्ट्रयाक ईनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागु हुने खरिद दर ।

प्राधिकरणले लिनुपर्ने यस्तो हर्जाना रकम विद्युत खरिद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नुपर्ने रकमबाट कट्टा गरी लिन सकिनेछ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरिद वापत भुक्तानी गर्नुपर्ने रकमको ५० प्रतिशत भन्दा बढी नहुने गरी किस्ताबन्दीमा पहिलो बिल देखि यस्तो हर्जाना पूरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नुपर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दीमा भुक्तानी गरिनेछ ।

तर माथि उल्लेखित हर्जाना सम्बन्धी व्यवस्थालाई व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (RCOD) को समग्र परिस्थितिको मूल्याङ्कन गरी न्यायोचित व्यवस्था गर्न सकिनेछ ।

१) दुधकुण्ड खोला जलविद्युत आयोजनाबाट वार्षिक ७,०४,८०,२६६ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। जसमा वर्षायामको लागि ४,८४,७३,७५४ किलोवाट घण्टा र सुख्खायामको लागि २,२०,०६,५१२ किलोवाट घण्टा निर्धारण गरिएको छ।

२) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जी [Contract Energy (CE)] को परिमाण सम्मको Availability Declaration (AD) अनुसारको इनर्जी खरिद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनुपर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा विद्युत खरिद सम्झौताको अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

३) प्राधिकरणले आषाढ देखि कार्तिक महिना सम्म प्रत्येक महिना कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration को ९० (नब्बे) प्रतिशत उर्जा उपदफा १०.१ को प्रावधान अनुरुप खरिद गर्ने एवं बाँकी १० (दश) प्रतिशत उर्जा Reserve Margin को रुपमा राखी भार प्रेषण केन्द्रको निर्देशन बमोजिम खरिद गर्न सक्नेछ। Reserve Margin को रुपमा राखिएको उक्त उर्जा सम्बन्धमा प्राधिकरणको भार प्रेषण केन्द्रको निर्देशन बमोजिम आयोजना संचालन गर्नु पर्दा विद्युत खरिद सम्झौताको अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई अतिरिक्त क्षतिपूर्ति तिर्नु पर्ने छैन।

४) कन्ट्रयाक्ट इनर्जी (Contract Energy) वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न शूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ :

**<u>क्षतिपूर्ति रकम (रु.)</u>**

= [०.८ X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनुपर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको मासिक विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर,

यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिनेछ। क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन। यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिँदा कट्टा गर्नेछ।

५) प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षायाममा प्रति कि.वा. घण्टा रु.४/८० (चार रुपैयाँ असी पैंसा मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु.८/४० (आठ रुपैयाँ चालीस पैंसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ। साथै, व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ :

| **अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी)** | **सुख्खायाम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) (प्रति युनिट रु.)** | **वर्षायाम (जेष्ठ १६ देखि मंसिर १५ सम्म) (प्रति युनिट रु.)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिना देखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

६) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सो को हकमा विद्युत खरिद बिक्री सम्झौता को दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

७) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रिड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch

Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए वापत विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

८) आयोजनाको विद्युत शक्ति तथा उर्जा तालिका देहाय बमोजिम रहेको छ :

**Table I**

| | | | |
|---|---|---|---|
| Installed Capacity (kw) | 12,000 | Rated Turbine Efficiency | 91.00% |
| Design Discharge (m3/s) | 4.61 | Rated Generator Efficiency | 97.00% |
| Min Release (m3/s) | 0.16 | Rated Transformer Efficiency | 99.00% |
| Gross Head (m) | 316.00 | Combined Efficiency | 87.39% |
| Outage + Losses + Self Consumption (%) | | | 4% |

**Table II** **EnergyTable**

| Months | No of days | Available Dicharge (m3/sec) | Discharge for Power Generation (m3/sec) | Net Head (m) | Average Power (kw) | Maximum Power (kw) | Monthly Generation before Outage & Loses (kwh) | Outage including losses (kwh) | Contract Energy (kWh) |
|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | E | E1 | F | G | H=F-G |
| वैशाख | ३१ | २.१५ | १.९९ | ३१३.८३ | ५,३९७ | ६,८३१ | ३,९७५,४२१ | १५९,०१७ | ३,८१६,४०५ |
| जेष्ठ (१ देखि १५) | १५ | ३.५१ | ३.३५ | ३१२.६९ | ९,०७५ | ११,५१५ | ३,२३४,२७० | १२९३७१ | ३,१०४,८९९ |
| जेष्ठ (१६ देखि ३१) | १६ | ३.५१ | ३.३५ | ३१२.६९ | ९,०७५ | ११,५१५ | ३,४४९,८८९ | १३७,९९६ | ३,३११,८९२ |
| आषाढ | ३२ | ९.२९ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ९,१२३,८४० | ३६४,९५४ | ८,७५८,८८६ |
| श्रावण | ३१ | १६.३९ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,८३८,७२० | ३५३,५४९ | ८,४८५,१७१ |
| भाद्र | ३१ | १६.७६ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,८३८,७२० | ३५३,५४९ | ८,४८५,१७१ |
| आश्विन | ३१ | १०.०२ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,८३८,७२० | ३५३,५४९ | ८,४८५,१७१ |
| कार्तिक | ३० | ४.९८ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,५५३,६०० | ३४२,१४४ | ८,२११,४५६ |
| मंसिर (१ देखि १५) | १५ | ३.११ | २.९५ | ३१३.०९ | ७,९९७ | १०,०६२ | २,८५०,००६ | ११४,००० | २,७३६,००६ |
| मंसिर (१६ देखि २९) | १४ | ३.११ | २.९५ | ३१३.०९ | ७,९९७ | १०,०६२ | २,६६०,००५ | १०६,४०० | २,५५३,६०५ |
| पौष | ३० | २.२५ | २.०९ | ३१३.७७ | ५,६६५ | ६,८०६ | ४,०३८,३१७ | १६१,५३३ | ३,८७६,७८५ |
| माघ | २९ | १.८४ | १.६८ | ३१४.०१ | ४,५५८ | ५,१८५ | ३,१४०,५४७ | १२५,६२२ | ३,०१४,९२५ |
| फाल्गुन | ३० | १.७३ | १.५७ | ३१४.०७ | ४,२५६ | ४,५५० | ३,०३३,९०५ | १२१,३५६ | २,९१२,५४९ |
| चैत्र | ३० | १.६३ | १.४७ | ३१४.१२ | ३,९८६ | ४,१०४ | २,८४०,९८३ | ११३,६३९ | २,७२७,३४३ |
| **जम्मा इनर्जी** | | | | | | | **७३,४१६,९४३** | **२,९३६,६७८** | **७०,४८०,२६६** |

**नोट :** १) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रयाक्ट इनर्जी निर्धारण गरिनेछ ।

२) विद्युत खरिद सम्झौताको बुँदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्रयाक्ट इनर्जी परिवर्तन गर्न सकिनेछ ।

**Table III**

| | | |
|---|---|---|
| सुख्खायाम (मंसीर १६ देखि जेष्ठ १५ सम्म) को कूल इनर्जी (kwh) | २२,००६,५१२ | ३१.२२% |
| वर्षायाम (जेष्ठ १६ देखि मंसीर १५ सम्म) को कूल इनर्जी (kwh) | ४८,४७३,७५४ | ६८.७८% |
| **जम्मा वार्षिक इनर्जी (kwh)** | **७०,४८०,२६६** | **१००.००%** |

**आयोजनाको हालको अवस्था :**

यस दुधकुण्ड खोला जलविद्युत आयोजनाको सम्पूर्ण निर्माण सम्पन्न भैसकेको र यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको प्रणालिमा प्रवाह भई मिति २०८१ श्रावन १६ गते देखि व्यापारिक उत्पादन समेत शुरु भैसकेको छ । मिति २०८१ चैत्र मसान्तसम्म यस आयोजनाको कार्य प्रगति विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | कार्य विवरण | कार्य प्रगति |
|---|---|---|
| १ | निर्माण कार्य | १००% |
| २ | ईलेक्ट्रोमेकानिकल कार्य | १००% |
| ३ | हाईड्रो मेकानिकल कार्य | १००% |
| ४ | प्रसारण लाईन तथा इन्टरकनेक्सन | १००% |
| ५ | जग्गा अधिग्रहण/क्षतिपूर्ति/विकास | १००% |
| ६ | निर्माण डिजाईन, Drawing तथा डिपीआर | १००% |
| ७ | कार्यालय भवन | १००% |
| ८ | पूर्वाधार विकास (अस्थायी र स्थिर) | १००% |
| ९ | वातावरण न्यूनिकरण तथा सामाजिक दायित्व | १००% |
| **समग्रमा आयोजनाको प्रगति** | | १००% |
| **व्यापारिक उत्पादन शुरु भएको मिति** | | **२०८१/०४/१६** |

**<u>आयोजना</u> <u>अवधिको</u> <u>नाफा</u> :**

| वर्ष | कर पछिको नाफा | ह्रासकट्टी तथा परिशोधन | ब्याज खर्च | नगद प्रवाह | संचयी नगद प्रवाह | डिस्काउन्टको आधार @८% | वर्तमान मूल्य | संचयी वर्तमान मूल्य |
|---|---|---|---|---|---|---|---|---|
| ० | | | | (२,३१०,१९१,३९१) | (२,३१०,१९१,३९१) | १.०००० | (२,३१०,१९१,३९०.९२) | (२,३१०,१९१,३९०.९२) |
| १ | ३०,८९३,१९३ | ७७,२३०,७१७ | १५७,०७०,५९८ | २६५,१९४,५०८ | (२,०४४,९९६,८८३) | ०.९२५९ | २४५,५५०,४७० | (२,०६४,६४०,९२०.७९) |
| २ | १२५,३५४,४७१ | ८०,५९२,८९१ | १४२,९०७,६८३ | ३४८,८५५,०४४ | (१,६९६,१४१,८३९) | ०.८५७३ | २९९,०८६,९७२ | (१,७६५,५५३,९४८.५९) |
| ३ | १६९,६६६,४४३ | ८०,४२६,८३७ | १११,५७८,९३३ | ३६१,६७२,२१२ | (१,३३४,४६९,६२६) | ०.७९३८ | २८७,१०७,०६३ | (१,४७८,४४६,८८५.६७) |
| ४ | १९०,५५९,२१३ | ८०,३२२,९२१ | १०४,२९१,९२७ | ३७५,१७४,०६१ | (९५९,२९५,५६६) | ०.७३५० | २७५,७६४,१३५ | (१,२०२,६८२,७५०.९५) |
| ५ | २१२,०८४,५९८ | ८०,२१३,१४३ | ९६,२८९,४८९ | ३८८,५८७,२३० | (५७०,७०८,३३६) | ०.६८०६ | २६४,४६५,९३९ | (९३८,२१६,८११.८४) |
| ६ | २३६,९६१,३३६ | ७९,७८२,७१२ | ८७,५९३,५७२ | ४०४,३३७,६१९ | (१६६,३७०,७१७) | ०.६३०२ | २५४,८०१,२८७ | (६८३,४१५,५२५.१९) |
| ७ | २६०,८२९,९८७ | ७९,७०९,७११ | ७८,१४४,०७९ | ४१८,६८३,७७७ | २५२,३१३,०६० | ०.५८३५ | २४४,२९७,९६३ | (४३९,११७,५६२.६८) |
| ८ | २८१,५०९,२१५ | ७९,६५०,०५४ | ६७,९०६,८६९ | ४२९,०६६,१३८ | ६८१,३७९,१९८ | ०.५४०३ | २३१,८११,०८४ | (२०७,३०६,४७९.१६) |
| ९ | ३०३,००९,३०६ | ७९,६०१,२३४ | ५६,७८२,२६४ | ४३९,३९२,८०४ | १,१२०,७७२,००२ | ०.५००२ | २१९,८०५,७९६ | १२,४९९,३१७.१३ |
| १० | ३१३,६७३,२१४ | ७९,५६१,२२६ | ४४,६९३,३४३ | ४३७,९२७,७८२ | १,५५८,६९९,७८४ | ०.४६३२ | २०२,८४५,२९७ | २१५,३४४,६१४.२१ |
| ११ | २९२,७८५,०७३ | ७९,५२८,३९६ | ३१,५५६,५१४ | ४०३,८६९,९८३ | १,९६२,५६९,७६८ | ०.४२८९ | १७३,२१२,९१३ | ३८८,५५७,५२७.४९ |
| १२ | ३०४,२२६,१७७ | ७९,५०१,४२१ | १७,२८०,९४३ | ४०१,००८,५४० | २,३६३,५७८,३०८ | ०.३९७१ | १५९,२४६,००९ | ५४७,८०३,५३६.२२ |
| १३ | ३१६,५५०,४०५ | ७९,४७९,२२७ | १,९५५,८३१ | ३९७,९८५,४६३ | २,७६१,५६३,७७१ | ०.३६७७ | १४६,३३८,४२९ | ६९४,१४१,९६४.९४ |
| १४ | ३१७,०४०,०१४ | ७९,४६०,९४४ | – | ३९६,५००,९५८ | ३,१५८,०६४,७२९ | ०.३४०५ | १३४,९९३,१२९ | ८२९,१३५,०९४.१४ |
| १५ | ३१५,७६१,१४० | ७९,४४५,८६५ | – | ३९५,२०७,००५ | ३,५५३,२७१,७३४ | ०.३१५२ | १२४,५८५,७३० | ९५३,७२०,८२४.१३ |
| १६ | २३९,३६१,२३० | ७९,४३३,४१२ | – | ३१८,७९४,६४२ | ३,८७२,०६६,३७६ | ०.२९१९ | ९३,०५३,११७ | १,०४६,७७३,९४१.२२ |
| १७ | २३८,१४५,२८० | ७९,४२३,११७ | – | ३१७,५६८,३९७ | ४,१८९,६३४,७७३ | ०.२७०३ | ८५,८२८,८७८ | १,१३२,६०२,८१८.७८ |
| १८ | २३६,८८८,५४६ | ७९,४१४,५९५ | – | ३१६,३०३,१४२ | ४,५०५,९३७,९१४ | ०.२५०२ | ७९,१५४,५५४ | १,२११,७५७,३७२.९१ |
| १९ | २३५,५९०,१०६ | ७९,४०७,५३४ | – | ३१४,९९७,६४० | ४,८२०,९३५,५५४ | ०.२३१७ | ७२,९८८,७५३ | १,२८४,७४६,१२६.१४ |
| २० | २३४,२४८,९५१ | ७९,४०१,६७६ | – | ३१३,६५०,६२७ | ५,१३४,५८६,१८१ | ०.२१४५ | ६७,२९३,१८० | १,३५२,०३९,३०५.९७ |
| २१ | २३२,८६४,००२ | ७९,३९६,८१२ | – | ३१२,२६०,८१४ | ५,४४६,८४६,९९५ | ०.१९८७ | ६२,०३२,४०५ | १,४१४,०७१,७११.३४ |
| २२ | २३१,४३४,१०८ | ७९,३९२,७६८ | – | ३१०,८२६,८७७ | ५,७५७,६७३,८७२ | ०.१८३९ | ५७,१७३,६५३ | १,४७१,२४५,३६४.६७ |
| २३ | २२९,९५८,०५८ | ७९,३८९,४०४ | – | ३०९,३४७,४६२ | ६,०६७,०२१,३३४ | ०.१७०३ | ५२,६८६,६०१ | १,५२३,९३१,९६५.६३ |
| २४ | २२८,४३४,५७८ | ७९,३८६,६०२ | – | ३०७,८२१,१७९ | ६,३७४,८४२,५१३ | ०.१५७७ | ४८,५४३,१९६ | १,५७२,४७५,१६१.६३ |
| २५ | २२६,८६२,३३६ | ७९,३८४,२६५ | – | ३०६,२४६,६०१ | ६,६८१,०८९,११४ | ०.१४६० | ४४,७१७,४८७ | १,६१७,१९२,६४८.७३ |
| २६ | २२५,२३९,९४५ | ७९,३८२,३१६ | – | ३०४,६२२,२६१ | ६,९८५,७११,३७५ | ०.१३५२ | ४१,१८५,४६७ | १,६५८,३७८,११५.७१ |
| २७ | २२३,५६५,९६३ | ७९,३८०,६८८ | – | ३०२,९४६,६५१ | ७,२८८,६५८,०२७ | ०.१२५२ | ३७,९२४,९२७ | १,६९६,३०३,०४३.१० |
| २८ | २२१,८३८,८९४ | ७९,३७९,३२८ | – | ३०१,२१८,२२२ | ७,५८९,८७६,२४८ | ०.११५९ | ३४,९१५,३२५ | १,७३१,२१८,३६७.९० |
| २९ | २२०,०५७,१८८ | ७९,३७८,१८९ | – | २९९,४३५,३७७ | ७,८८९,३११,६२६ | ०.१०७३ | ३२,१३७,६५६ | १,७६३,३५६,०२४.१० |
| ३० | २१५,६४४,४२२ | ८२,६६६,०१२ | – | २९८,३१०,४३३ | ८,१८७,६२२,०५९ | ०.०९९४ | २९,६४५,२९५ | १,७९३,००१,३१९.२४ |
| | **७,१११,०३७,३९०** | **२,३८८,७२४,०१७** | **९९८,०५२,०४३** | **८,१८७,६२२,०५९** | | | **१,७९३,००१,३१९** | |

| | |
|---|---|
| Net Present Value (NPV) | १,७९३,००१,३१९ |
| Internal Rate of Return (IRR) | १५.६२% |
| Benefit Cost (BC Ratio) | १.७८ |
| Cost of Capital | ८% |
| Debt Equity Ratio | २.७२ |
| साधारण लगानी फिर्ता हुने अवधि (PBP) | ६.४० |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP) | ८.९४ |
| डिस्काउण्ट दर | ८% |

नोटः २०८२ असार मसान्तमा कुल स्थिर सम्पत्ति (Property, Plant and Equipment) रु.२,३८३,३४२,९४४.४९/- रहेको छ , जसमा Service Concession Agreement अन्तर्गतका अमूर्त सम्पत्ति (Intangible Assets) रु. २,३८१,१६६,६४२.४९ समावेश गरिएको छ । IRR/NPR गणनाको लागि, मिति २०८२/०४/०१ मा सम्पत्तिको कुल नगद प्रवाह रु.२,३१०,१९१,३९०.९२ लाई आधार मानिएको छ जुन ह्रासकट्टि (Depreciation) पछि रहेको मूल्य हो ।

**मिति २०८१/०४/१६ गते बाट यस आयोजनाले व्यवसायिक उत्पादन शुरु गरी विद्युत उत्पादन तथा विक्रि गर्दै आई रहेको छ। जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :**

| क्र.स | महिना | करार इनर्जी (In Kwh) | आ.व २०८१/८२ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | उत्पादित इनर्जी (In Kwh) | करार इनर्जी र उत्पादित इनर्जीको फरक (kWh ) | करार इनर्जी र उत्पादित इनर्जीको फरक (प्रतिशत) | विद्युत विक्रि दर (रु.) | विद्युत विक्रि रकम (रु.) | प्राप्त भएको रकम (रु.) | करार इनर्जी बमोजिम विद्युत आपूर्ती नभएको अवस्थामा सो को कारणहरु |
| १ | श्रावण | ८,४८५,१७१ | ४,१३३,०७४ | ४,३५२,०९८ | ५१.२९ % | ४.८० | १९,८३८,७५३.२९ | १९,८३८,७५३.२९ | COD श्राबण १६ गते भएकोले १६ दिनको इनर्जि भएकोले |
| २ | भाद्र | ८,४८५,१७१ | ८,४८२,६१० | २,५६१ | ०.०३ % | ४.८० | ४०,७१६,५२९.४८ | ४०,७१६,५२९.४८ | खासै फरक नभएको |
| ३ | आश्विन | ८,४८५,१७१ | ७,५८६,२९० | ८९८,८८२ | १०.५९ % | ४.८० | ३६,३७४,७०६.८२ | ३६,३७४,७०६.८२ | भारी बर्षाका कारण प्रशारण लाईन बिग्रिएकोले |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कार्तिक | ८,२११,४५६ | ६,५०६,०८८ | १,७०५,३६८ | २०.७७ % | ४.८० | ३१,२२९,२२२.२१ | ३१,२२९,२२२.२१ | खोलामा पानीको बहाब कम भएकोले |
| ५ | मंसिर | ५,२८९,६११ | ४,२८३,४७० | १,००६,१४१ | १९.०२ % | ४.८० & ८.४० | २७,५९७,८०५.६१ | २७,५९७,८०५.६१ | खोलामा पानीको बहाब कम भएकोले |
| ६ | पौष | ३,८७६,७८५ | ३,०८७,२३९ | ७८९,५४५ | २०.३७ % | ८.४० | २५,९३२,८०९.७४ | २५,९३२,८०९.७४ | खोलामा पानीको बहाब कम भएकोले |
| ७ | माघ | ३,०१४,९२५ | २,५६१,८८४ | ४५३,०४१ | १५.०३ % | ८.४० | २१,५१९,८२६.५० | २१,५१९,८२६.५० | खोलामा पानीको बहाब कम भएकोले |
| ८ | फाल्गुण | २,९१२,५४९ | २,११६,०४९ | ७९६,५०० | २७.३५ % | ८.४० | १७,७७४,८११.४१ | १७,७७४,८११.४१ | खोलामा पानीको बहाब कम भएकोले |
| ९ | चैत्र | २,७२७,३४३ | १,९८३,७३८ | ७४३,६०६ | २७.२६ % | ८.४० | १६,६६३,३९७.३९ | १६,०७१,९१६.३९ | खोलामा पानीको बहाब कम भएकोले |
| १० | बैशाख | ३,८१६,४०५ | १,९१७,७८४ | १,८९८,६२० | ४९.७५ % | ८.४० | १६,१०९,३८७.१३ | ७,६०९,७२९.५३ | खोलामा पानीको बहाब कम भएकोले |
| ११ | जेष्ठ | ६,४१६,७९१ | २,४७३,४०१ | ३,९४३,३९० | ६१.४५ % | ८.४० &४.८० | १६,०८५,२३७.९७ | ६,७९७,०८०.५६ | खोलामा पानीको बहाब कम भएकोले |
| १२ | आषाढ | ८,७५८,८८६ | ८,३९९,५४८ | ३५९,३३८ | ४.१० % | ४.८० | ४०,३१७,८३१.५० | ४०,३१७,८३१.५० | खोलामा पानीको बहाब कम भएकोले |
| | **जम्मा** | **७०,४८०,२६५** | **५३,५२२,९५०** | | | | **३१०,१९९,८०१.७६** | **२९१,७८१,०२२.५८** | |

| क्र.स | महिना | करार इनर्जी (In Kwh) | आ.व २०८२/८३ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | उत्पादित इनर्जी (In Kwh) | करार इनजी र उत्पादित इनजीको फरक (In Kwh) | करार इनजी र उत्पादित इनजीको फरक ( प्रतिशत) | विद्युत विक्रि दर | विद्युत विक्रि रकम | प्राप्त भएको रकम | करार इनर्जी बमोजिम विद्युत आपूर्ती नभएको अवस्थामा सो को कारणहरु |
| १ | श्रावण | ८,४८५,१७१ | ८,७२२,५१४ | (२३७,३४३) | -२.८०% | ४.८० | ४०,७२८,८२०.८० | ३८,८६५,२४७.८४ | बढि उत्पादन भएको |
| २ | भाद्र | ८,४८५,१७१ | ९,०७३,३५५ | (५८८,१८४) | -६.९३% | ४.९४ | ४१,९१६,७४४.७४ | ४१,९१६,७४४.७४ | बढि उत्पादन भएको |
| ३ | आश्विन | ८,४८५,१७१ | ८,३०६,९६० | १७८,२१२ | २.१०% | ४.९४ | ४१,०३६,३८०.०२ | ४१,०३६,३८०.०२ | खोलामा पानीको बहाब कम भएकोले |
| ४ | कार्तिक | ८,२११,४५६ | ७,१०८,०४१ | १,१०३,४१५ | १३.४४% | ४.९४ | ३५,११३,७२४.५७ | ३५,११३,७२४.५७ | खोलामा पानीको बहाब कम भएकोले |
| ५ | मंसिर | ५,२८९,६११ | ४,६२५,४३३ | ६६४,१७७.७९ | १२.५६% | ४.९४ & ८.६५ | ३०,२८४,२१२.४१ | ३०,२८४,२१२.४१ | खोलामा पानीको बहाब कम भएकोले |
| ६ | पौष | ३,८७६,७८५ | ३,५२७,५८८ | ३४९,१९७ | ९.०१% | ८.६५ | ३०,५१३,६३२.६७ | प्राप्त हुन बाँकी | खोलामा पानीको बहाब कम भएकोले |
| | **जम्मा** | **४२,८३३,३६५** | **४१,३६३,८९१** | | | | **२१९,५९३,५१५.२१** | **१८७,२१६,३०९.५८** | |

**कम्पनीले विद्युत खरिद सम्झौता गर्दाको समयमा अनुमान गरिएको र आयोजना सम्पन्न हुँदा लागेको लागत सम्बन्धी विवरण :**

| शिर्षकहरु | विद्युत खरिद बिक्रि सम्झौता बखत र वित्तिय व्यवस्थापनको क्रममा आयोजनाको प्रक्षेपित लागत रकम (रु.) | व्यवसायिक उत्पादन भए पश्चात्को वास्तविक लागत रकम (रु.) | आयोजनाको लागत बृद्धि मुख्य कारणहरु |
|---|---|---|---|
| Pre-operating expenses including opening loss | ५२,८८५,०८५.०० | ५०,८१५,७६४.०० | वास्तविक लागत अनुमानित लागतभन्दा अलि कम रहेको । |
| Land lease & procurement | ११,९००,०००.०० | ८,५९१,४४०.०० | जग्गाधनीहरूसँग छलफल/सम्झौतामार्फत सुरुवाती प्रस्तावित मूल्यभन्दा कम दरमा जग्गा खरिद गरिएको कारण वास्तविक लागत घटेको । |
| Access road | ६९,९०५,८५२.७३ | ६५,९४०,७६६.०० | वास्तविक रूपमा कडा चट्टान (Hard Rock) उत्खननको परिमाण अनुमानित परिमाणभन्दा कम पाइयो । |
| Construction power | ३५,०००,०००.०० | २६,८३९,५९७.५० | निर्माण अवधि छोट्याइएको तथा एउटै डिजेल जेनेरेटरबाट धेरै निर्माण स्थलहरूमा विद्युत् आपूर्ति गरिएको कारण वास्तविक लागत अनुमानभन्दा कम भएको । |
| Office and camp facilities | १८,०००,०००.०० | १८,०५८,३६७.३७ | वास्तविक लागत अनुमानित लागतसँग लगभग बराबर छ। |
| Transmission line works | १०२,३७५,०००.०० | १२३,४९१,७०५.८३ | जग्गाधनीहरूलाई बढी क्षतिपूर्ति तिर्नुपरेको थियो । साथै, प्रसारण लाइनको लम्बाइ १८ कि.मी. बाट २४.५५ कि.मी. सम्म बढेकाले लागतमा थप वृद्धि भएको । |
| Project supervision/management and engineering | ७५,०००,०००.०० | ६२,३२३,९६८.१४ | आयोजना अनुमानित समयभन्दा अघि सम्पन्न भएकाले वास्तविक खर्च अनुमानभन्दा कम भयो । |
| Office equipment and vehicle | १६,१००,०००.०० | ७,९८३,२२०.०० | मुख्य कार्यालय र साइट दुवैका लागि एउटै सवारी साधन प्रयोग गरेर आयोजना सम्पन्न गरिएको । |
| Environment mitigation | २६,६८५,०००.०० | २७,८५०,८७८.०० | आयोजनाको कार्यान्वयनका क्रममा व्यावहारिक परिस्थितिका कारण साना समायोजनहरू मात्र भएका छन्, उल्लेखनीय भिन्नता छैन । |
| Detail engineering and contract administration | २१,०१८,०००.०० | २०,९७२,८२५.०० | वास्तविक लागत अनुमानित लागतसँग लगभग समान छ । |
| Civil and general items | १,०२१,१७०,००८.२१ | १,१००,०६६,७३६.०० | मुख्यतः दुई कारणले लागत वृद्धि भयो:<br>१) डिजेल, रिइन्फोर्समेन्ट स्टिल, ग्याबियन तार र मजदुरी दरमा वृद्धि ।<br>२) हेडरेस पाइपको एलाइनमेन्टमा थप संरक्षण कार्य तथा क्रस ड्रेनेज संरचना आवश्यक परेको । |
| Hydro-Mechanical Works | २५४,५३२,८२७.३५ | २७७,३१९,६६४.९८ | भारतमा स्टिल प्लेटका मूल्यवृद्धिका कारण वास्तविक लागत बढ्यो । |
| Electro-Mechanical Works and Interconnection Equipment | २९७,४१०,०००.०० | ३३९,१८७,२०८.२० | मुख्यतः दुई कारण:<br>१) लागत अनुमान गर्दा १ युरो = रु. १२८/१२९ थियो, तर भुक्तानीको समयमा १ युरो = रु. १४५ सम्म पुगेकाले विनिमय दर वृद्धिका कारण लागत बढ्यो ।<br>२) नेपाल विद्युत् प्राधिकरण ले आयोजना पावरहाउसलाई केन्द्रीय प्रणालीसँग एकीकृत गर्न SCADA सञ्चार प्रणाली अनिवार्य गरेपछि टिङ्गला सबस्टेशनदेखि पावरहाउससम्म सञ्चार केबल बिछ्याउनुपऱ्यो तथा पावरहाउस र सबस्टेशनमा दुईवटा FOTE प्यानल थप गर्नुपऱ्यो । |
| Financing cost | ११,३८९,६२४.०० | ७,१८९,१३६.४३ | प्रशासनिक कार्यका लागि (रेटिङ खर्च, ऋण प्रक्रियाका वित्तीय तथा प्राविधिक परामर्शदाता शुल्क, स्वीकृति तथा हस्ताक्षर समारोह खर्च, बिल प्रमाणीकरण आदि) अनुमान गरिएको थियो, तर वास्तविक खर्च अनुमानभन्दा कम आयो । |
| Interest During Construction (IDC) | १९१,०१८,६११.३२ | २३२,६८८,७६४.८३ | IDC (Interest During Construction) १०% ब्याजदरका आधारमा अनुमान गरिएको थियो। तर निर्माण अवधिमा ब्याजदर १३% सम्म पुगेकाले वास्तविक क्ष्म्न्र लागत बढ्यो । |
| **Total** | **२,२०४,३९०,००८.६१** | **२,३६९,३२०,०४२.२८** | |

- कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच विद्युत खरिद बिक्रि सम्झौतामा व्यवस्था भएअनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) भन्दा अगाबै आयोजनाका निर्माण सम्पन्न गरी व्यापारिक रुपमा बिद्युत उत्पादन शुरु गरेकोले विद्युत खरिद बिक्रि सम्झौताको व्यवस्था बमोजिम यस आयोजनाले ८ वटा नै मूल्य बृद्धि प्राप्त गर्नेछ । आयोजनाबाट उत्पादित विद्युतको विद्युत खरिद दर निम्नानुसार हुनेछ ।

**ख) आयोजना/परियोजना भएको अवस्थामा ब्याज पूँजीकरण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :** कम्पनीले आयोजनाको लागतमा आयोजनाको निर्माणको लागि लिएको साँवाँ रकमको व्याज प्रत्यक तीन तीन महिनामा पूजिँकरण गदैं लैजाने गरेको छ । यस्तो पूजिँकरण गरिएको रकम कम्पनी र बैंक बिच भएको ऋण सम्झौता अनुसार निर्माण अवधिको ब्याज शिर्षकमा प्रविष्ट गरिएको हुन्छ ।

**ब्याजको पूँजिकरण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :**

| आर्थिक वर्ष | पूजिँकरण गरिएको ब्याज रकम (रु.) |
|---|---|
| २०७७/७८ | ११,५०८,७५०.०० |
| २०७८/७९ | ६६३,३०६.०० |
| २०७९/८० | ५३,८५३,२१२.६२ |
| २०८०/८१ | १५८,९०३,२८१.५० |
| २०८१/८२ | ७,७६०,२१५.०० |
| **जम्मा** | **२३२,६८८,७६५.१२** |

**ग) अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवारको सम्बन्धमा :** कम्पनीको वित्तीय विवरणमा कुनै पनि अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवार नरहेको ।

**घ) संभावित दायित्व तथा सोबाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरण :** २०८२ आषाढ मसान्तसम्म व्यवस्थापनको जानकारीमा आयसम्म कुनै संभावित दायित्व नरहेको ।

**ङ) लेखापरीक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपान जस्तै आम्दानीमा वृद्धि/घटि, खर्चमा वृद्धि/घटि, नाफा नोक्सानमा वृद्धि/घटि, सम्पत्तिमा वृद्धि/घटि लगायतका विवरणहरु तथा सोको कारणहरुको समेत तुलनात्मकमा आ.व. सहित प्रस्तुत गरिएको विज्ञबाट प्रमाणित विवरण यसैसाथ संलग्न गरिएको ।**

| क.सं. | विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | |
| १ | बिक्री | ८९०,६७२ | १,१५७,५८९ | २९१,७८१ | ४०२,६७४ | ४१४,४३६ | ४२६,१९७ | |
| | बिक्रीमा वृद्धि/कमी | | २९.९७% | -७४.७९% | ३८.०१% | २.९२% | २.८४% | २०७९।८० र २०८०।८१ मा IFRIC 12 अन्तर्गत NFRS बमोजिमको आय लेखांकन गरेको । २०८१।८२ (श्रावण १६) देखि बिद्दुत बिक्रीको आय लेखांकन गरेको र सर्ट सप्लाई चार्जले गर्दा खुद बिक्री कम देखिएको । ०८२-८३ मा पुर्ण क्षमतामा बिद्दुत बिक्रि भएकाले आम्दानी बढेको । |
| २ | बिक्री लागत | (८८६,२४१) | (१,१५१,८३०) | (२२,५५३) | (४५,५४०) | (४६,६६०) | (४७,८०९) | |
| | बिक्री लागत मा वृद्धि/कमी | | २९.९७% | -९८.०४% | १०१.९३% | २.४६% | २.४६% | NFRS अनुसार IFRIC १२ अन्तर्गत बिक्री लागत समावेश गरिएकोले आ.व २०८०/८१ मा बिक्री लागत वृद्धि भएको हो । आ.व २०८२/८३ देखि विद्युत उत्पादन पूर्ण क्षमतामा सञ्चालन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भएकोले बिक्री लागत बढेको छ। |
| ३ | जम्मा खर्च | (४,९५८) | (४,९४९) | (२३८,६६३) | (२३१,४७४) | (२०१,२३९) | (१९४,२३१) | |
| | जम्मा खर्चमा वृद्धि/कमी | | -०.१९% | ४७२२.४१% | -३.०१% | -१३.०६% | -३.४८% | कुल खर्च आ.व वर्ष २०८१/८२ देखि वृद्धि भएको छ, जसको मुख्य कारण प्रशासनिक खर्चको वृद्धिको साथै २०८१/८२ देखि विद्युत उत्पादन सुरु भएकोले ह्रास र वित्तीय खर्चको समावेश भएको। |
| ४ | खुद नाफा | (४३६) | ८१० | ३०,८९३ | १२५,६६० | १६६,५३७ | १८४,१५७ | |
| | खुद नाफामा वृद्धि/कमी | | -२८५.९२% | ३७१३.४३% | ३०६.७६% | ३२.५३% | १०.५८% | खर्चको वृद्धि भन्दा आम्दानीको वृद्धि बढी भएकोले र विद्युत उत्पादन पूर्ण क्षमतामा सञ्चालन भइरहेको। |
| ५ | सम्पत्ती, प्लान्ट र उपकरण (Gross Block) | ४,७२० | ३,८१२ | ५,१३५ | ४,२२४ | ३,४८० | २,८७० | |
| | सम्पत्ती, प्लान्ट र उपकरण (Gross Block मा वृद्धि/कमी | | -१९.२३% | ३४.७१% | -१७.७३% | -१७.६३% | -१७.५२% | आ.व वर्ष २०८१/८२ मा स्थिर सम्पत्ति (PPE) मा वृद्धि प्रोजेक्ट सञ्चालनका लागि अन्य सम्पत्ति थप भएको। आ.व वर्ष २०८२/८३ देखि सम्पत्तिमा ह्रासका कारण घटेको र पुरानो उपकरणको सम्भावित बिक्री। |

३) **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :** यस कम्पनीको २०८२ पौष मसान्त सम्मको अपरिष्कृत वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह सहितको वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | अपरिष्कृत (रु. हजारमा) |
|---|---|
| | **२०८२ पौष मसान्त** |
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति तथा उपकरण | ४,४५३ |
| अमूर्त सम्पत्ति (Under Service Concession Arrangement) | २,२६५,४१० |
| Right of Use Assets | ४६५ |
| **जम्मा गैर चालु सम्पत्ति** | **२,२७०,३२८** |
| **चालु सम्पत्ति** | |
| **वित्तीय सम्पत्ति** | |
| नगद तथा नगद मौज्दात | ३०,६४९ |
| व्यापार तथा अन्य प्राप्यहरु | ५९,५८२ |
| ऋण, अग्रिम तथा निक्षेप | ८८६ |
| अन्य चालु सम्पत्ति | १,०९१ |
| **अन्य चालु सम्पत्ति** | **६२,१०८** |
| **जम्मा चालु सम्पत्ति** | **२,३३२,४३६** |
| **इक्वीटी तथा दायित्व** | |
| **इक्वीटी** | |
| शेयर पूँजी | ६०२,००० |
| अन्य इक्वीटी | ८४,१२० |
| **जम्मा इक्वीटी** | **६८६,१२०** |
| **गैर चालु दायित्व** | |
| वित्तीय दायित्व | - |
| दिर्घकालिन ऋाण | १,६३७,४७८ |
| अन्य गैर चालु दायित्व | - |

| | |
|---|---|
| **जम्मा गैर चालु दायित्व** | **१,६३७,४७८** |
| **चालु दायित्व** | |
| **वित्तीय दायित्व** | |
| अल्पकालिन ऋण | २,९८१ |
| व्यापार तथा अन्य भुक्तानी | ३,६५९ |
| अन्य चालु दायित्व | ४०० |
| प्रावधन | १,७९९ |
| **जम्मा चालु दायित्व** | **८,८३९** |
| **जम्मा इक्वीटी तथा दायित्वहरु** | **२,३६२,५३६** |

**नाफा-नोक्सान हिसाब**

| **विवरण** | **अपरिष्कृत (रु. हजारमा)** |
|---|---|
| | **२०८२ पौष मसान्त** |
| **आम्दानी** | |
| विद्युत विक्रीबाट आम्दानी | २१७,७३० |
| विक्री लागत | (३५,६३४) |
| **कुल नाफा/(नोक्सान)** | **१८२,०९६** |
| **Net Construction Revenue as per IFRIC 12** | - |
| प्रशासनिक खर्चहरु | (१,५०४) |
| ह्रासकट्टी तथा परिशोधन | (४०,४८३) |
| **सञ्चालनबाट खुद नाफा** | **१४०,११०** |
| वित्तीय आय | - |
| वित्तीय लागत | (६५,६००) |
| **कर अघिको खुद नाफा** | **७४,५१०** |
| घटः कर्मचारी बोनस | (१,४९०) |
| **कर अघिको खुद नाफा** | **७३,०१९** |
| **कर खर्चहरु** | - |
| चालु कर | - |
| स्थगन कर | - |
| **कर पछिको खुद नाफा** | ७३,०१९ |

**अन्य विस्तृत आम्दानी**

| **विवरण** | **अपरिष्कृत (रु. हजारमा)** |
|---|---|
| | **२०८२ पौष मसान्त** |
| यस वर्षको खुद नाफा/(नोक्सान) | ७३,०१९ |
| **नाफा/नोक्सानमा क्लासिफाईड नगरिने अन्य विस्तृत आम्दानी** | - |
| सम्पत्ति तथा उपकरणमा पूनर्मूल्यांकित नाफा/(नोक्सान) | - |
| आयकर | - |
| **नाफा/नोक्सानमा क्लासिफाईड गरिने अन्य विस्तृत आम्दानी** | - |
| यस वर्षको अन्य विस्तृत आम्दानी | - |
| **यस वर्षको जम्मा अन्य विस्तृत आम्दानी** | ७३,०१९ |

**इक्वीटीमा भएको परिवर्तन** **(रकम रु. हजारमा)**

| **विवरण** | **इक्वीटी शेयर पूंजी** | **शेयर प्रिमियम** | **रिजर्व पुनर्मूल्याङ्कन** | **संचित मुनाफा** | **अन्य रिजर्भहरु** | **जम्मा इक्विटी** |
|---|---|---|---|---|---|---|
| **२०८२ आषाढ ३१ को ब्यालेन्स** | ६०२,००० | - | - | ४१,२०० | - | ६४३,२०० |
| अघिल्लो अवधिको त्रुटि सच्याइएको | - | - | - | - | - | - |
| **पुनः समायोजित मौज्दात** | ६०२,००० | - | - | ४१,२०० | - | ६४३,२०० |
| यस वर्षको नाफा/(नोक्सान) | - | - | - | ७३,०१९ | - | ७३,०१९ |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - |
| **जम्मा विस्तृत आम्दानी** | ६०२,००० | - | - | ११४,२२० | - | ७१६,२२० |
| शेयरधनीलाई लाभांश | - | - | - | (३०,१००) | - | (३०,१००) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शेयर जारी लागत | - | - | - | - | - | - |
| इक्वीटी शेयर जारी | - | - | - | - | - | - |
| **२०८२ पौष ३० को ब्यालेन्स** | ६०२,००० | - | - | ८४,१२० | - | ६८६,१२० |

**नगद प्रवाह विवरण**

| विवरण | अपरिष्कृत (रु. हजारमा) |
|---|---|
| | २०८२ पौष मसान्त |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| यस वर्षको नाफा | ७३,०१९ |
| **समायोजन** | |
| ह्रासकट्टी तथा परिशोधन | ४०,४८३ |
| वित्तीय लागत | ६५,६०० |
| **कार्यगत पूँजी अघिको नगद प्रवाह** | **१७९,१०२** |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (१३,१९८) |
| चालु दायित्व तथा प्रावधानमा वृद्धि/(कमी) | २,८८४ |
| अन्य गैर चालु दायित्वमा वृद्धि/(कमी) | (३३४) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **१६८,४५४** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको खरिद | - |
| Addition of ROU Assets | - |
| कार्यगत पूँजीमा (बृद्धि)/कमी | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **-** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर पूँजीको बृद्धि/(कमी) | - |
| सापटीमा बृद्धि/(कमी) | (७४,०७१) |
| वित्तीय लागत | (६५,६००) |
| शेयर जारी लागत | - |
| लाभांश भुक्तानी | (३०,१००) |
| **वित्तिय गतिविधिबाट कूल नगद प्रवाह (ग)** | **(१६९,७७१)** |
| **यस वर्षको कुल नगद प्रवाह (क+ख+ग)** | **(१,३१७)** |
| वर्षको शुरुमा रहेको नगद तथा नगद बराबर | १,८६६ |
| **वर्षको अन्तमा रहेको नगद तथा नगद बराबर** | **५४९** |

४) **आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

५) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणाः** सो नभएको ।

६) **पछिल्लो १२ महिनामा संचालनलाई असर पुऱ्याउने प्रमुख घटना घटेको भए सोको विवरण सम्बन्धमा :** पछिल्लो १२ महिनामा गत असोज ९-१३ गते भएको भारी बर्षा र त्यस पश्चात् आएको बाढि पहिरोको कारण आयोजनाको पहुँच मार्गमा सामान्य क्षति भएता पनि आयोजना निर्माण भई संचालनमा रहेकाले विद्युत उत्पादनमा कुनै असर नपरेको ।

७) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी :** कम्पनीको मिति २०८२/०६/११ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय अनुसार कम्पनीको चुक्ता पूँजी रु. ६०,२०,००,०००/- को ५ प्रतिशतका दरले रु. ३,०१,००,०००/- (कर सहित) बराबरको लाभांश वितरण गर्ने निर्णय गरिएको छ ।

८) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको किताबी मूल्य, (ई) पूनर्मूल्यांकनको औचित्य** : सो नभएको ।

९) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** यस कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम हुनेछ :

## वासलात

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति तथा उपकरण | ४,२२४ | ३,४८० | २,८७० |
| अमूर्त सम्पत्तिहरु | २,२२५,६८४ | २,१४६,३१२ | २,०६६,९४० |
| Right Of Use (ROU) Asssets | ३१० | - | ६८२ |
| **जम्मा गैर चालु सम्पत्ति** | **२,२३०,२१८** | **२,१४९,७९२** | **२,०७०,४९२** |
| ***चालु सम्पत्ति*** | | | |
| वित्तीय दायित्व | | | |
| नगद तथा नगद बराबर | ४३,९३२ | २०९,६६८ | ३८६,२३७ |
| व्यापार तथा अन्य प्राप्ती | ८७,३८२ | ९०,७४३ | ९४,१०३ |
| Loans, Advance & Deposits | २,१६० | २,०९८ | २,०४२ |
| **जम्मा चालु सम्पत्ति** | **१३३,४७३** | **३०२,५०९** | **४८२,३८२** |
| **जम्मा सम्पत्ति** | **२,३६३,६९२** | **२,४५२,३०१** | **२,५५२,८७३** |
| **इक्वीटी** | | | |
| शेयर पूँजी | ८६०,००० | ८६०,००० | ८६०,००० |
| अन्य इक्वीटी | १६२,४५५ | ३३२,१२२ | ५२२,६८१ |
| **जम्मा इक्वीटी** | **१,०२२,४५५** | **१,१९२,१२२** | **१,३८२,६८१** |
| **गैर चालु दायित्व** | | | |
| वित्तीय दायित्व | | | |
| दिर्घकालिन सापटीहरु | १,२५३,१३६ | १,१६२,८०३ | १,०६४,६४० |
| अन्य गैर चालु दायित्वहरु | - | ७०७ | ३६७ |
| **जम्मा गैर चालु दायित्व** | **१,२५३,१३६** | **१,१६३,५१०** | **१,०६५,००७** |
| **चालु दायित्व** | | | |
| *वित्तीय दायित्व* | | | |
| अल्पकालिन सापटीहरु | ८३,१२७ | ९०,३३३ | ९८,१६३ |
| व्यापार तथा अन्य भुक्तानी | - | - | - |
| अन्य चालु दायित्व | १,१२३ | १,१२४ | १,१६९ |
| प्रावधानहरु | ३,८५० | ५,२११ | ५,८५३ |
| **जम्मा चालु दायित्व** | **८८,१००** | **९६,६६८** | **१०५,१८६** |
| **जम्मा इक्वीटी तथा दायित्वहरु** | **२,३६३,६९२** | **२,४५२,३०१** | **२,५५२,८७३** |

## नाफा-नोक्सान हिसाब

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| **आम्दानी** | | | |
| आम्दानी | ४०२,३५२ | ४१७,८२८ | ४३३,३०३ |
| प्रत्यक्ष खर्चहरु | (४५,५३४) | (४६,७२७) | (४७,९५१) |
| **कुल नाफा/(नोक्सान)** | **३५६,८१८** | **३७१,१००** | **३८५,३५२** |
| **थप : अप्रत्यक्ष आम्दानी** | - | - | - |
| प्रशासनिक खर्चहरु | (४,११३) | (४,२१६) | (४,३२५) |
| घट :ह्रासकट्टी तथा परिशोधन | (८०,५९३) | (८०,४२७) | (८०,३२३) |
| **ब्याज र कर अधिको आम्दानी** | **२७२,११२** | **२८६,४५७** | **३००,७०४** |
| घट : वित्तीय लागत | (१४२,९०८) | (१११,५७९) | (१०४,२९२) |
| **बोनश र कर अधिको खुद नाफा** | **१२९,२०५** | **१७४,८७८** | **१९६,४१२** |
| Less : Provision For Staff Bonus | (२,५८४) | (३,४९८) | (३,९२८) |
| Less : Provision For CSR Expenses | (१,२६६) | (१,७१४) | (१,९२५) |
| **कर अधिको आम्दानी** | **१२५,३५४** | **१६९,६६६** | **१९०,५५९** |
| **घट : कर खर्चहरु** | - | - | - |

| | | | |
|---|---|---|---|
| चालु कर | - | - | - |
| स्थगन कर | - | - | - |
| **कर पछिको खुद नाफा** | **१२५,३५४** | **१६९,६६६** | **१९०,५५९** |

**अन्य विस्तृत विवरण**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| यस वर्षको खुद नाफा/(नोक्सान) | १२५,३५४ | १६९,६६६ | १९०,५५९ |
| **नाफा/नोक्सानमा क्लासिफाईड नगरिने अन्य विस्तृत आम्दानी** | - | - | - |
| सम्पत्ति तथा उपकरणमा पूनर्मूल्यांकित नाफा/(नोक्सान) | - | - | - |
| आयकर | - | - | - |
| **नाफा/नोक्सानमा क्लासिफाईड गरिने अन्य विस्तृत आम्दानी** | - | - | - |
| यस वर्षको अन्य विस्तृत आम्दानी | - | - | - |
| **यस वर्षको जम्मा अन्य विस्तृत आम्दानी** | **१२५,३५४** | **१६९,६६६** | **१९०,५५९** |

**नगद प्रवाह विवरण**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| यस वर्षको नाफा | १२५,३५४ | १६९,६६६ | १९०,५५९ |
| **समायोजन** | - | - | - |
| ह्रासकट्टी तथा परिशोधन | ८०,५९३ | ८०,४२७ | ८०,३२३ |
| वित्तीय लागत | १४२,९०८ | १११,५७९ | १०४,२९२ |
| **कार्यगत पूँजी अघिको नगद प्रवाह** | **३४८,८५५** | **३६१,६७२** | **३७५,१७४** |
| ***सञ्चालन गतिविधिबाट नगद प्रवाह*** | | | |
| चालु सम्पत्तिमा वृद्धि/(कमी) | (४१,१८१) | (३,२९९) | (३,३०४) |
| चालु दायित्व तथा प्रावधानमा वृद्धि/(कमी) | ६०,२५० | ८,५६८ | ८,५१७ |
| लिज दायित्वमा वृद्धि/(कमी) | (३३४) | ७०७ | (३४०) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **३६७,५९१** | **३६७,६४९** | **३८०,०४७** |
| ***लगानी गतिविधिबाट नगद प्रवाह*** | | | |
| Purchase/Capitalization of Fixed Assets | - | - | - |
| Acquisition of Intangibles Under SCA | - | - | - |
| कार्यगत पूँजीमा बृद्धि/(कमी) | - | - | - |
| Addition of ROU Asset | - | - | (१,०२३) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **-** | **-** | **(१,०२३)** |
| ***वित्तीय गतिविधिबाट नगद प्रवाह*** | | | |
| शेयर पूँजीको बृद्धि/(कमी) | २५८,००० | - | - |
| Increase /(Payment) of Bank Loan | (४३६,५१८) | (९०,३३३) | (९८,१६३) |
| वित्तीय लागत | (१४२,९०८) | (१११,५७९) | (१०४,२९२) |
| शेयर जारी लागत | (४,१००) | - | - |
| लाभांश भुक्तानी | - | - | - |
| **वित्तिय गतिविधिबाट कूल नगद प्रवाह (ग)** | **(३२५,५२५)** | **(२०१,९१२)** | **(२०२,४५५)** |
| **यस वर्षको कुल नगद प्रवाह (क+ख+ग)** | **४२,०६६** | **१६५,७३७** | **१७६,५६८** |
| वर्षको शुरुमा रहेको नगद तथा नगद बराबर | १,८६६ | ४३,९३२ | २०९,६६८ |
| **वर्षको अन्तमा रहेको नगद तथा नगद बराबर** | **४३,९३२** | **२०९,६६८** | **३८६,२३७** |

**इक्वीटीमा भएको परिवर्तन** (रकम रु. हजारमा)

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | रिजर्व पूनर्मूल्याङ्कन | रिजर्भ तथा संचित मूनाफा | अन्य रिजर्भ | जम्मा |
|---|---|---|---|---|---|---|
| **२०८२ आषाड ३२ को ब्यालेन्स** | **६०२,०००** | **-** | **-** | **४१,२००** | **-** | **६४३,२००** |
| यस वर्षको समायोजन | - | - | - | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **Restated Balance** | ६०२,००० | - | - | ४१,२०० | - | ६४३,२०० |
| यस वर्षको नाफा/(नोक्सान) | | | | १२५,३५४ | | **१२५,३५४** |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - |
| **जम्मा विस्तृत आम्दानी** | ६०२,००० | - | - | **१६६,५५५** | - | **७६८,५५५** |
| शेयरधनीलाई लाभांश | - | - | - | | - | |
| शेयर निष्काशन लागत | - | - | - | (४,१००) | - | (४,१००) |
| निष्काशित शेयर | - | | | २५८,००० | | २५८,००० |
| **२०८३ श्रावण १ को ब्यालेन्स** | ६०२,००० | - | - | ४२०,४५५ | - | **१,०२२,४५५** |
| यस वर्षको समायोजन | - | - | | - | - | - |
| **Restated Balance** | ६०२,००० | - | - | ४२०,४५५ | - | १,०२२,४५५ |
| यस वर्षको नाफा/(नोक्सान) | - | - | - | १६९,६६६ | - | १६९,६६६ |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - |
| **जम्मा विस्तृत आम्दानी** | ६०२,००० | - | - | **५९०,१२१** | - | **१,१९२,१२१** |
| शेयरधनीलाई लाभांश | - | - | - | - | - | - |
| शेयर निष्काशन लागत | - | - | - | - | - | - |
| निष्काशित शेयर | - | - | - | - | - | - |
| **२०८४ आषाढ ३१ को ब्यालेन्स** | ६०२,००० | - | - | ५९०,१२१ | - | १,१९२,१२१ |
| Correction of Prior period error | - | - | - | - | - | - |
| **Restated Balance** | ६०२,००० | - | - | ५९०,१२१ | - | १,१९२,१२१ |
| यस वर्षको नाफा/(नोक्सान) | - | - | - | १९०,५५९ | - | १९०,५५९ |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | |
| **जम्मा विस्तृत आम्दानी** | ६०२,००० | - | - | ७८०,६८० | - | १,३८२,६८० |
| शेयरधनीलाई लाभांश | - | - | - | - | - | - |
| शेयर निष्काशन लागत | - | - | - | - | - | - |
| CSR प्रावधान | - | - | - | - | - | - |
| निष्काशित शेयर | - | - | - | - | - | - |
| **२०८५ आषाढ ३२ को ब्यालेन्स** | ६०२,००० | - | - | ७८०,६८० | - | १,३८२,६८० |

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टी हुने विवरणहरु :**

**बिक्री**

१. बिक्री प्रक्षेपण जलविद्युत आयोजनाबाट अनुमानित ऊर्जा उत्पादन को आधारमा गरिएको छ र NEA सँग भएको PPA दर अनुसार कुल ऊर्जामा ५% हानी (Loss) प्रावधान राखेर दर लागू गरिएको छ ।

**बिक्री लागत**

१) स्थिर रोयल्टी प्रति KW रु. १०० DOED अनुसार राखिएको छ ।
२) राजस्व रोयल्टी कुल बिक्रीको २% DOED अनुसार राखिएको छ ।
३) आ.व. २०८२/८३ देखि परियोजना बीमा खर्च परियोजनाको अमूर्त सम्पत्तिको बन्द मूल्यको ०.१४% वार्षिक दरले राखिएको । मर्मत तथा मर्मतसम्भार खर्च IFRIC १२ अन्तर्गत अमूर्त सम्पत्तिको १% मानिएको छ । मर्मतसम्भार खर्चमा वार्षिक ३% वृद्धि मानिएको छ ।
४) निम्न प्रत्यक्ष खर्चहरूमा (माथि उल्लेखित बाहेक) वार्षिक ३% वृद्धि मानिएको छ ।

| क्र.सं. | विवरण | आधारहरु |
|---|---|---|
| १ | साइट कार्यालय सामग्री खर्च | ३% वृद्धि |
| २ | विद्युत तथा इलेक्ट्रोनिक उपकरण खर्च | ३% वृद्धि |
| ३ | इन्धन तथा लुब्रिकेन्ट खर्च | ३% वृद्धि |
| ४ | मुद्रण तथा स्टेशनरी खर्च | ३% वृद्धि |
| ५ | इन्टरनेट तथा सञ्चार खर्च | ३% वृद्धि |
| ६ | बसोबास तथा खाना खर्च | ३% वृद्धि |
| ७ | मेस खर्च | ३% वृद्धि |
| ८ | साइट कर्मचारी तलब तथा भत्ता खर्च | ३% वृद्धि |
| ९ | यातायात खर्च | ३% वृद्धि |
| १० | ज्याला खर्च | ३% वृद्धि |
| ११ | एक्स्काभेटर भाडा खर्च | ३% वृद्धि |
| १२ | बे चार्ज - सबस्टेशर्न | ३% वृद्धि |
| १३ | बिजुली शुल्क - NEA | ३% वृद्धि |

५) बिक्री लागत अन्तर्गत अन्य खर्चहरू व्यवस्थापनको अनुमान अनुसार उपयुक्त वृद्धि गरेर राखिएको छ ।

**अप्रत्यक्ष खर्च**

१) कर्मचारी बोनसको प्रावधान कर्मचारी बोनस अघि खुद नाफाको २% दरले नेपाल विद्युत ऐन, २०४९ अनुसार राखिएको छ ।
२) CSR को प्रावधान बोनस पछिको र कर अघिको शुद्ध नाफाको १% औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार राखिएको छ ।
३) IPO जारी खर्च व्यवस्थापनको अनुमान अनुसार राखिएको छ ।
४) NEPSE र CDS को वार्षिक शुल्क प्रति वर्ष रु. १.५ लाख सम्झौता अनुसार कायम गरिएको छ ।
५) अन्य सबै खर्चहरू अघिल्लो वर्षको तथ्यांकको आधारमा तथा व्यवस्थापनको अनुमान अनुसार उपयुक्त वृद्धि गरेर मान्यता दिइएको छ ।
६) निम्न प्रशासनिक खर्चहरूमा वार्षिक ३% वृद्धि मानिएको छ ।

| क.सं. | विवरण | आधारहरु |
|---|---|---|
| १ | क्रेडिट रेटिङ निगरानी शुल्क | ३% वृद्धि |
| २ | कानुनी खर्च | ३% वृद्धि |
| ३ | बैंक शुल्क तथा कमिशन | ३% वृद्धि |
| ४ | वार्षिक साधारण सभा खर्च | ३% वृद्धि |
| ५ | बैठक भत्ता | ३% वृद्धि |
| ६ | सञ्चालक समिति बैठक भत्ता | ३% वृद्धि |
| ७ | कर्मचारी तलब तथा भत्ता खर्च | ३% वृद्धि |
| ८ | भान्सा तथा मेस खर्च | ३% वृद्धि |
| ९ | विज्ञापन खर्च | ३% वृद्धि |
| १० | खाना तथा बसोबास खर्च | ३% वृद्धि |
| ११ | टेलिफोन तथा सञ्चार खर्च | ३% वृद्धि |
| १२ | बिजुली तथा पानी खर्च | ३% वृद्धि |
| १३ | छपाई तथा स्टेशनरी खच | ३% वृद्धि |
| १४ | यात्रा तथा स्थानीय सवारी खर्च | ३% वृद्धि |
| १५ | वित्तीय प्रक्षेपण शुल्क | ३% वृद्धि |
| १६ | इन्धन तथा लुब्रिकेन्ट खर्च | ३% वृद्धि |
| १७ | दर्ता तथा नवीकरण खर्च | ३% वृद्धि |
| १८ | विविध खर्च | ३% वृद्धि |
| १९ | औषधि खर्च | ३% वृद्धि |
| २० | सवारी कर तथा नवीकरण शुल्क | ३% वृद्धि |
| २१ | यात्रा भत्ता | ३% वृद्धि |
| २२ | अनुवाद खर्च | ३% वृद्धि |
| २३ | सवारी मर्मत तथा मर्मतसम्भार खर्च | ३% वृद्धि |

**वित्तीय लागत**

१) कन्सोर्टियम सम्झौता अनुसार ऋण बाँकी रकमको ०.१५% दरले एजेन्सी शुल्क राखिएको छ ।
२) कन्सोर्टियम ऋणको ब्याजदर वार्षिक ८.४०% मानिएको छ ।
३) रु. २५.८० करोडको IPO आम्दानी आ.व. २०८२/८३ को अन्त्यमा ऋण भुक्तानी गर्न प्रयोग गरिनेछ ।

**अन्य**

१) Service Concession Agreement अन्तर्गतको अमूर्त सम्पत्तिमा (Intangible Assets) IFRIC १२ अनुसार ३० वर्षको परियोजना आयु मान्दै Straight Line Method द्वारा मूल्यह्रास गरिएको छ । कार्यालयका सम्पत्तिहरूमा २५%, २०% र १५% दरले (सम्पत्तिको आयु अनुसार) मूल्यह्रास गरिएको छ ।
२) इक्विटी शेयरमा लाभांश निम्नलिखित आर्थिक वर्षमा निम्न दर अनुसार रहेको छ ।

| आ.व | लाभांश दर |
|---|---|
| २०८५-८६ | २५% वृद्धि |
| २०८६-८७ | २५% वृद्धि |

३) Trade Debtors (NEA बाट प्राप्त हुने रकम) २ महिनाको बिक्री बराबर राखिएको छ (जेष्ठ र असार महिनाको बिल प्राप्त हुने मानिएको छ) ।

- कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच विद्युत खरिद बिक्रि सम्झौतामा व्यवस्था भएअनुसार आयोजनाको व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation Date (RCOD) भन्दा अगाबै आयोजनाका निर्माण सम्पन्न

गरी व्यापारिक रुपमा बिद्युत उत्पादन शुरु गरेकोले विद्युत खरिद बिक्रि सम्झौताको व्यवस्था बमोजिम यस आयोजनाले ८ वटा नै मूल्य बृद्धि प्राप्त गर्नेछ । आयोजनाबाट उत्पादित विद्युतको विद्युत खरिद दर निम्नानुसार हुनेछ ।

| **अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी)** | **सुख्खायाम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) (प्रति युनिट रु.)** | **वर्षायाम (जेष्ठ १६ देखि मंसिर १५ सम्म) (प्रति युनिट रु.)** |
|---|---|---|
| २०८१ श्रावण १६ देखि २०८२ श्रावण सम्म | ८।४० | ४।८० |
| २०८२ भाद्र देखि २०८३ श्रावण सम्म | ८।६५ | ४।९४ |
| २०८३ भाद्र देखि २०८४ श्रावण सम्म | ८।९० | ५।०९ |
| २०८४ भाद्र देखि २०८५ श्रावण सम्म | ९।१६ | ५।२३ |
| २०८५ भाद्र देखि २०८६ श्रावण सम्म | ९।४१ | ५।३८ |
| २०८६ भाद्र देखि २०८७ श्रावण सम्म | ९।६६ | ५।५२ |
| २०८७ भाद्र देखि २०८८ श्रावण सम्म | ९।९१ | ५।६६ |
| २०८८ भाद्र देखि २०८९ श्रावण सम्म | १०।१६ | ५।८१ |
| २०८९ भाद्र देखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

**ग.९.ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औषत प्रतिफल निम्नानुसार छ :** यस माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औषत प्रतिफल देहाय बमोजिम छ :

| **विवरण** | **वास्तविक** | | | **अपरिष्कृत** | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२ पौष मसान्त | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| चुक्ता पूँजी (रु.हजारमा) | ६०२,००० | ६०२,००० | ६०२,००० | ६०२,००० | ८६०,००० | ८६०,००० | ८६०,००० |
| संचित मुनाफा (रु.हजारमा) | (२८,५३६) | ११,५१९ | ४१,२०० | ८४,१२० | १६२,४५५ | ३३२,१२२ | ५२२,६८१ |
| **जम्मा** | **५७३,४६४** | **६१३,५१९** | **६४३,२००** | **६८६,१२०** | **१,०२२,४५५** | **१,१९२,१२२** | **१,३८२,६८१** |
| अपलेखन हुन बाँकी खर्च | - | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **५७३,४६४** | **६१३,५१९** | **६४३,२००** | **६८६,१२०** | **१,०२२,४५५** | **१,१९२,१२२** | **१,३८२,६८१** |
| शेयर संख्या ('००० मा) | ६,०२० | ६,०२० | ६,०२० | ६,०२० | ८,६०० | ८,६०० | ८,६०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९५.२६ | १०१.९१ | १०६.८४ | ११३.९७ | ११८.८९ | १३८.६२ | १६०.७८ |
| खुद नाफा/नोक्सान (रु.हजारमा) | (४३६) | ८१० | ३०,८९३ | ७३,०१९ | १२५,३५४ | १६९,६६६ | १९०,५५९ |
| प्रति शेयर आम्दानी (रु.) | (०.०७) | ०.१३ | ५.१३ | १२.१३ | १४.५८ | १९.७३ | २२.१६ |
| नेटवर्थमा प्रतिफल (%) | (०.०८) | ०.१३ | ४.८० | १०.६४ | १२.२६ | १४.२३ | १३.७८ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा : | | | | | | | ४.३२% |

**ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल :** १.६२

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

- कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार यस विवरणपत्र मार्फत कम्पनीले आफ्नो जारी पूँजीको ३० प्रतिशतले हुन आउने रु. २५,८०,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरका २५,८०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र सर्वसाधारणहरु (कर्मचारी र सामूहिक लगानी कोष समेत) को लागि छुट्याईएकोमा उक्त शेयर निजहरुलाई बिक्री वितरण गरी कम्पनीको चुक्ता पूँजी रु.६०,२०,००,०००/- कायम गर्न ।
- कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
- संकलन भएको पूँजीलाई अधिकतम प्रयोग गरी व्यवसायको विकास गरी शेयरधनी लगानीकर्तालाई उच्चतम प्रतिफल सुनिश्चित गर्ने ।
- आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिई, निष्काशनबाट आएको रकम आयोजनाको उर्जा बृद्धि तथा बैकबाट लिईएको कर्जा भुक्तानीका लागि र कम्पनीबाट आयोजना निर्माणको लागि रकम संकलन गर्न मुख्य उद्देश्य रहेको छ ।

**ग.१०.ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

१) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण :** कम्पनीले साधारण शेयर जारी गरे पश्चात् सार्वजनिक निष्काशनबाट प्राप्त हुने २५,८०,००० कित्ता शेयरको प्रति शेयर रु.१०० का दरले हुन आउने कूल रकम रु.२५,८०,००,०००/- (अक्षरेपी पचीस करोड असी लाख रुपैयाँ मात्र) आयोजना निमार्ण गर्दा उपभोग गरेको निम्न बमोजिमको बैंक कर्जा भुक्तानी गरिनेछ :

| बैंकको नाम | रकम (रु.) |
|---|---|
| प्राइम कमर्शियल बैंक लिमिटेड | २५,८०,००,०००/- |

२) **सार्वजनिक निष्काशन (Initial Public Offering) गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :** विगतको समयमा अन्य कम्पनीले शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भैसकेको छ। कथंकदाचित निष्काशन गरिने धितोपत्र स्थानीय बासिन्दाहरुले पूर्ण रुपमा खरिद नगरेमा बाँकी रहने धितोपत्रलाई सर्वसाधारणहरुको लागि निष्काशन गरिने धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ । साथै, सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्र समेत पूर्ण रुपमा बिक्री नभएमा निष्काशन गरिने धितोपत्रको प्रत्याभूति गर्नका लागि श्री सनलाइफ क्यापिटल लिमिटेडले निष्काशन रकम बराबरको शेयर आफैंले खरिद गर्ने गरि प्रत्याभूति सम्झौता गरिएको छ ।

३) **आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस आयोजनाको लागि आवश्यक पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भई मिति २०८१/०४/१६ गते देखि विद्युत उत्पादन शुरु भैरहेको ।

४) **आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको र मिति २०८१/०४/१६ गतेदेखि व्यवसायिक विद्युत उत्पादन शुरु भैसकेको ।

५) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य-मूख्य बुँदाहरु :** आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भैसकेकोले हाल उपकरण खरिद गर्नुपर्ने नरहेको ।

६) **कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

७) **उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

| | | |
|---|---|---|
| **आयोजनाको प्रकृति** | : | जलविद्युत आयोजना |
| **प्रयोगकर्ता** | : | आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन मार्फत सर्वसाधारणहरुले प्रयोग गरिरहेको |
| **प्रतिस्पर्धा** | : | हाल प्रतिस्पर्धा नरहेको |
| **लक्षित समूह** | : | नेपाल विद्युत प्राधिकरणका ग्राहकहरु |
| **उत्पादन क्षमता** | : | १२ मेगावाट |

८) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** दुधकुण्ड खोलाको पानी ।

९) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** आफैले उत्पादन गरेको विद्युत र दुधकुण्ड खोलाको पानी ।

१०) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने :**

**क) निष्काशन तथा बिक्री प्रबन्धक :** यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणलाई बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा कार्य गर्न एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौलाई सेवा शुल्क वापत रु. १,००,०००/- (कर सहित) भुक्तानी दिइनेछ ।

**ख) ट्रष्टी (डिवेञ्चर निष्काशनको हकमा) :** निष्काशन गरिने धितोपत्र डिवेञ्चर नभई साधारण शेयर रहेको ।

**ग) प्रत्याभूतिकर्ता :** यस कम्पनीको शेयर प्रत्याभूतिकर्ता श्री सनलाइफ क्यापिटल लिमिटेड का.म.न.पा. २९, पुतलिसडक, काठमाडौंलाई प्रत्याभूति सेवा प्रदान गरे वापत रु.९,०३,०००/- (कर सहित) प्रत्याभूति शुल्क प्रदान गरिएको र प्रत्याभुति सम्झौता पुन नविकरण गर्दा थप २५८,०००/- (कर सहित) भुक्तानी गरिएको छ ।

**घ) विज्ञहरु :** यस कम्पनीले तयार गरेको प्रक्षेपित वित्तीय विवरणहरुको आधार प्रमाणित गर्ने विज्ञ श्री एस भण्डारी एण्ड एशोसियट्स लाई सेवा शुल्क वापत रु. ४५,२००/- (कर सहित) भुक्तानी गरिएको छ ।

**ङ) लेखापरीक्षक :** कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षणको कार्य गर्नका लागि श्री एस भण्डारी एण्ड कम्पनी एसोशिएट्स चाटर्ड एकाउन्टेण्ट्स लाई सेवा शुल्क वापत रु. १,१३,०००/- (कर सहित) भुक्तानी गरिएको छ ।

**च) रेटिङ्ग शुल्क :** क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडलाई सेवा शुल्क रु. १,१३,०००/- (कर सहित) भुक्तानी गरिएको छ ।

**छ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) :** सूचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु बिल बमोजिम ।

**आयोजना प्रभावित क्षेत्रका लागि**

निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको संकलन केन्द्रलाई आवेदन फाराम सहित रकम संकलन गरे वापत संकलित रकममा कुनै पनि सेवा शुल्क दिने व्यवस्था गरिएको छैन ।

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि**

नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा प्रणाली कार्यान्वयन भैसकेको सन्दर्भमा नेपाल धितोपत्र बार्डबाट स्वीकृत प्राप्त सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनको लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क भुक्तानी गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तानी गर्नेछन् । सि-आस्बा प्रणाली कार्यान्वयन भएको सन्दर्भमा निष्काशन बैंकको आवश्यकता नहुने भएता पनि आवश्यकता अनुसार निष्काशन बैंक खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराइनेछ ।

**ग.१०.ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण :** सो नभएको ।

**ग.१०.घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** जारी गर्ने शेयर प्रिमियम मूल्यमा नभई अंकित मूल्य रु. १००/- मा निष्काशन गरिने भएकाले सो नभएको ।

**ग.१०.ङ) धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यवस्था :**

**क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा *"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४"* मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्बन्धी सम्झौतामापत्रमा भएको व्यवस्था शर्त बमोजिम खरिद गर्नेछन् ।

**ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणलाई शेयर बाँडफाँड गरे पश्चात् बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । तर आस्बा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु (स्थानीय बासिन्दा, वैदेशिक रोजगारमा रहेका नेपाली तथा अन्य सर्वसाधारणहरु) को हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी *"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३"* को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

**ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा निजको खातामा रहेको रकम रोक्का मात्र हुने र बाँडफाँड पश्चात् निजले प्राप्त गर्ने शेयरको रकम बराबरको रकम बाहेक अन्य रकम फुकुवा हुने भएकाले ब्याज दिनु नपर्ने ।

**घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :** यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर प्रचलित *"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४(सातौं संशोधन सहित)"* सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सम्बन्धित निकायमा सूचिकरण पश्चात् सम्बन्धित आवेदकले आवेदन फाराममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

**ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** निष्काशन गरिने साधारण शेयर हालसम्म नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भैनसकेको ।

**च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** हाल सम्म नेपाल स्टक एक्सचेन्जमा सूचिकरण भइ नसकेको हुँदा यस सार्वजनिक निष्काशन गरिने शेयरको बाँडफाँड पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित नियमानुसार सूचिकरण तथा दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**ग.१०.च) प्रत्याभूति सम्बन्धी विवरण :**

**क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको २५,८०,००० कित्ता साधारण शेयर प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले हुन आउने कूल रु.२५,८०,००,०००/- रकम बराबरको प्रत्याभूति सेवा प्रदान गर्नका लागि का.म.न.पा. २९, पुतलिसडक, काठमाडौंमा रजिष्टर्ड कार्यालय रहेको श्री सनलाइफ क्यापिटल लिमिटेड मञ्जूर भई प्रत्याभूति सम्झौतापत्र गरिएको छ ।

**ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य-मूख्य बूँदाहरु :** यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्ता सँग गरिएको सम्झौताको मूख्य-मूख्य बुँदाहरु देहाय बमोजिम रहेका छन् :

१. प्रत्याभूतिकर्ताले सर्वसाधारणमा निष्काशन गरिने कूल २५,८०,००० कित्ता साधारण शेयरहरुको प्रति शेयर रु.१००/- अंकित दरले हुन आउने रु.२५,८०,००,०००/- रकम बराबरको साधारण शेयरहरु “धितोपत्र निकाशन तथा बाँडफाँड निर्देशिका, २०७४” बमोजिम शेयर प्रत्याभूति गर्न प्रत्याभूतिकर्ता मञ्जूर गर्दछ ।

२. प्रत्याभूति गरेका शेयरहरु सर्वसाधारणबाट निष्काशन अवधिमा माग भए बमोजिम आवेदन प्राप्त हुन नआएमा बाँकी रहेका शेयरको खरिद दायित्व प्रत्याभूति गरेको शेयरको अनुपात बमोजिम प्रत्याभूतिकर्ताको हुनेछ ।

३. प्रत्याभूति सेवा प्रदान गरे वापत थप अवधिका लागि निष्काशन कम्पनीले प्रत्याभूति शुल्कको रुपमा रु.२,५८,०००/- रकममा प्रचलित कानून कमोजिम आवश्यक कर कट्टी गरी प्रत्याभूतिकर्तालाई भुक्तानी गर्नेछ । सो शुल्क वापत प्राप्त रकमबाट नेपाल धितोपत्र बोर्डलाई बुझाउनु पर्ने कमिशन रकम प्रत्याभूतिकर्ताले बुझाउन प्रत्याभूतिकर्ता मञ्जूर गर्दछ ।

४. सम्झौता अनुसार प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा खरिद गर्नुपर्ने अवस्था आएमा प्रत्याभूतिकर्ताहरुले सम्झौतापत्रको दफा १ मा उल्लेखित प्रत्याभूत गरिउको शेयरको अनुपातमा खरिद गर्नुपर्ने शेयरको रकम निष्काशन कम्पनीले निष्काशित शेयर बाँडफाँड भएको २१ दिनभित्र निष्काशन कम्पनीलाई चुक्ता गर्नुपर्नेछ । त्यसैगरी प्रत्याभूतिकर्ताले निष्काशन कम्पनीलाई रकम भुक्तानी गरेपछि निष्काशन कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत सोहि अनुसार शेयर बाँडफाँड गरी सो शेयरहरु प्रत्याभूतिकर्ताले उपलब्ध गराएको हितग्राही खातामा यथाशक्य छिटो उपलब्ध गराउनु पर्नेछ ।

५. प्रत्याभूति सम्झौताको अवधि मिति २०८२/१२/०२ गतेदेखि लागू भई ३ (तिन) महिनासम्मका लागि कायम हुनेछ । कथंकदाचित उक्त अवधि भित्र शेयर निष्काशनको कार्य समाप्त हुन नसकेमा दुवै पक्षको आपसि समझदारीमा शुल्क निर्धारण गरि सम्झौताको समयावधि थप गर्न सकिनेछ ।

६. प्रत्याभूतिकर्ताको दायित्व निजले प्रत्याभूति गर्न मञ्जूर गरेको रकमको हदसम्म मात्र कायम रहनेछ । निष्काशित शेयर सर्वसाधारणद्वारा पूर्ण वा अधिक खरिद गरिएको भन्ने निष्काशन तथा बिक्री प्रबन्धकबाट सार्वजनिक सूचना जारी गरि सो निष्काशित सम्पूर्ण शेयरको बाँडफाँड भएपछि प्रत्याभूतिकर्ताको प्रत्याभूति सम्बन्धी दायित्व स्वतः समाप्त हुनेछ ।

७. निष्काशन कम्पनीले निष्काशन गर्न लागिएको शेयरको निष्काशन तथा बिक्री खुल्ला हुनु अगावै कुनै प्रकारका निष्काशनलाई प्रभावित हुने प्रकृतिको घटना घटेमा जस्तैः कुनै कानूनी कारवाही परेमा, संचालक समितिमा सारभुत परिवर्तन भएमा, संचालकहरु वा १% भन्दा बढी शेयर धारण गर्ने संस्थापकहरु कर्जा सूचना केन्द्रको कालोसूचीमा परेमा वा Force Majeure जस्तैः भूकम्प, बाढी, पहिरो र अन्य प्राकृतिक विपत्ती, बन्द, हड्ताल जस्ता कारणले ठूलो नोक्सानी व्यहोर्नु पर्ने भएमा, महामारीको कारणले असामान्य अवस्था उत्पन्न भएमा वा दायित्व श्रृजना भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै यथाशिघ्र लिखित रुपमा प्रत्याभूतिकर्तालाई जानकारी गराउनु पर्नेछ । सो जानकारी प्राप्त भएपछि प्रत्याभूतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूर्नमूल्याङ्कन गरि सम्झौताको संशोधनको लागि निष्काशन कम्पनीलाई अनुरोध गर्न सक्नेछ र दुवै पक्षको आपसी सहमतिमा सम्झौतामा संशोधन गर्न सकिनेछ ।

८. शेयर प्रत्याभूति गराउने वा शेयर निष्काशन तथा बिक्री गर्ने प्रयोजनको निमित्त यदि निष्काशन कम्पनीले जानी जानी झुठा विवरण दिएको रहेछ भने र सो कारणबाट सर्वसाधारणमा शेयर बिक्री वितरण हुन नसकी असामान्य परिस्थिति श्रृजना भएमा समेत त्यसको जवाफदेहि निष्काशन कम्पनी हुनेछ र सम्झौतापत्रको दफाहरुमा उल्लेखित शर्तहरु लागू हुने छैनन् ।

९. प्रत्याभूति सम्झौताको कार्यान्वयन प्रचलित मुलुकी देवानी संहिता, २०७४ बमोजिम हुनेछ ।

**ग.१०.छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१) यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् कायम हुने शेयरधनीहरुले प्रचलित कानून बमोजिम उपलब्ध हुने हक अधिकारको प्रयोग गर्न पाउने ।

२) प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही संगठित संस्थाले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभांश वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकृति लिई हकप्रद तथा थप सार्वजनिक निष्काशन (Further Public Issue) शेयर समेत जारी गर्न सक्नेछ ।

**ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, महालक्ष्मीस्थान, वडा नं. १५, ललितपुर र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा सम्पर्क राखि प्राप्त गर्न सकिनेछ ।

२) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरिदका लागि दरखास्त दिँदा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले दरखास्त साथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी नियमानुसार दरखास्त दिनुपर्नेछ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधारणहरुले दरखास्त साथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.१००/- का दरले सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

३) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले न्युनतम १० (दश) कित्ता र अधिकतममा १० अङ्कको गुणाङ्कमा १०,००० (दश हजार) कित्तासम्म शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

**ग) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यावसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१) धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २२ को उपदफा (१) बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, कर्मचारी वा संस्थापकको रुपमा वा अन्य कुनै प्रकारबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्नुपूर्व सङ्गठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनी तथा संस्थापक शेयरधनीका एकाघरको सदस्यले यस निष्काशनमा आवेदन दिन पाइने छैन ।

२) सर्वसाधारण लगानीकर्ताहरुको हकमा सि-आस्बा (C-ASBA) प्रणाली मार्फत मात्र आवेदन दिन सकिने व्यवस्था भएको हुंदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (Meroshare) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ ।

**<u>आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा</u> :**

आयोजना क्षेत्र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका मध्ये वडा नं १ र २ लाई अति प्रभावित क्षेत्र र सोलुदुधकुण्ड नगरपालिकाको वडा नं १ र २ बाहेक अन्य बाँकी वडाहरुलाई लाई प्रभावित क्षेत्रमा स्थायी रुपमा बसोवास गर्ने बासिन्दाहरुलाई जनाउँदछ ।

१) तोकिएका संकलन केन्द्र मार्फत आवेदन दिन चाहने आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपमा हालसालै खिचेको पासपोर्ट साईजको फोटो सहित आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित हुने कागजात/प्रमाणपत्र सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२) हितग्राही खाता खोलिसकेका स्थानीय बासिन्दाहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) सदस्यता प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट मार्फत पनि आवेदन फाराम प्राप्त गर्न तथा बुझाउन सकिनेछ । यसरी आवेदन फाराम बुझाउँदा आवेदकले आफु आयोजना प्रभावित क्षेत्रको स्थानीय बासिन्दा भएको पुष्टि हुने कागजात तथा प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत उक्त विवरणमा आयोजना प्रभावित क्षेत्र उल्लेख भए/नभएको रुजु गरेर मात्र आवेदन फाराम स्वीकार गर्नुपर्नेछ ।

३) १६ वर्ष भन्दा कम उमेरका स्थानीयले आमा/बाबुले संरक्षक भई आवेदन दिनुपरेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै, दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ । आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

४) नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्रको स्वीकृति प्राप्त भएको मितिसम्ममा वा सो पूर्व अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट बसाई-सराई गरी आयोजना प्रभावित क्षेत्रमा बसाईं सराई गरी आएका बासिन्दाहरुले बसाई सराई गरी आएको व्यहोरा तथा मिति उल्लेख गरिएको स्थानीय निकायबाट जारी बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

५) आयोजना प्रभावित क्षेत्र बाहेक अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट विवाह भई आएका महिलाहरुको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६) नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृति प्राप्त भएको मितिसम्ममा अन्य जिल्लाबाट विवाह गरी आएका वा बसाइ सराई गरी आयोजना प्रभावित क्षेत्रमा आएका व्यक्तिहरुले यस निष्काशनमा सि-आस्बा मार्फत शेयर खरिदका लागि आवेदन दिंदा निजहरु आयोजना प्रभावित क्षेत्रको स्थानीय रहेका पुष्टी नहुने भई निजहरुको आवेदन अस्वीकृत हुने हुँदा निजहरुले तोकिएको संकलन केन्द्र मार्फत मात्र बसाई सराई वा विवाह-दर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गरी भौतिक रुपमा नै आवेदन गर्नुपर्नेछ ।

७) माथि उल्लेखित स्थानीय बासिन्दाका सम्बन्धमा वा शेयर खरिद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र बमोजिम हुनेछ ।

८) नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृति प्राप्त भएको मितिसम्ममा १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी अन्य क्षेत्रमा गएका महिला एवं आयोजना प्रभावित क्षेत्र छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
९) आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्युनतम रुपमा खुल्नुपर्ने भनि तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।
१०) एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
११) साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त बुझाएको फारामलाई रद्द गरिनेछ ।
१२) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुकालागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पूनः आवेदन दिन पाउने छैनन् ।
१३) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१४) रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१५) रु. ५,००,०००/- सम्मका लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ । ५ लाख रुपैयाँ भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
१६) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

**विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा :**

१) यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (Remittance) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
२) निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (Remittance) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
३) निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् । साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

**सर्वसाधारण शेयरधनीको हकमा :**

१) कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।
२) आवेदकले सि-आस्बा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।
३) आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्बा रजिष्ट्रेशन फाराम भरी CRN नम्बर लिनुपर्नेछ ।
४) आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५) आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।
६) आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नम्बर र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनुपर्नेछ ।
७) आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :
   क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नम्बर, दस्तखत, सम्पर्क फोन नम्बर, इमेल ।
   ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   च) आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नम्बर र खाताको किसिम ।

छ) आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।

८) आवेदकले आवेदन दिँदा सि-आस्बा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन ।

९) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११) धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ ।

१२) धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिइसकेको हुनुपर्नेछ ।

१४) शेयर बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१५) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० अंकको गुणाङ्कमा अधिकतम १०,००० (दश हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

**निष्काशन कम्पनी र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :** कम्पनीले आपसी सम्बन्धमा भएका संस्था, व्यक्तिसँगको (Related Party Transaction) विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार नभएको ।

**क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति :** कारोबार भएको ।

**ख) आधारभूत शेयरधनी :** सो नभएको ।

**ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :** कारोबार नभएको ।

**घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

**ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोबार वा सम्झौता गरेको छैन ।

**च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण वापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** आर्थीक बर्ष २०८०/८१ का बिबिध मितिमा संचालक अध्यक्ष श्री अर्जुन प्रसाद पौडेलवाट रु १,९०,२१,९९९/- र संचालक श्रीमती बिद्यालक्ष्मी लामिछाने बाट रु ८२,७५,७३१/- गरी जम्मा रु २,७२,९७,७३०/- कम्पनीले बिना व्याज ऋण लिएकोमा आर्थिक बर्ष २०८१/८२ का बिभिन्न मितिमा गरी बिद्यालक्ष्मी लामिछानेवाट लिएको ऋण सम्पूर्ण रकम रु ८२,७५,७३१/- र संचालक अध्यक्ष श्री अर्जुन प्रसाद पौडेललाई रु १,८६,४५,५४७/- भुक्तानी गरी रु ३,७६,४५२/- मात्र बाँकी रहेकोछ ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताका मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**ग.१३. सूचिकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :** निष्काशन कम्पनी सूचीकृत संगठित संस्था नरहेको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**
**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

१) यस कम्पनीले आ.व.२०८१/८२ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एस भण्डारी लाई नियुक्त गरी सेवा शुल्क वापत रु. १,१३,०००/- भुक्तानी गरिएको छ ।

२) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

३) निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| निष्काशन बैंकको नाम, ठेगाना | बैंक खाताको नाम | बैंक खाता नम्बर |
|---|---|---|
| श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ | NIMB ACE- MOUNT EVEREST POWER IPO | ०३६०१०४०२६८१६५ |

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

४) यस विवरणपत्रमा उल्लेखित प्रक्षेपित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठिक छ भनि एस भण्डारी एण्ड एसोशिएट्सद्वारा प्रमाणित गरिएको छ ।

**ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य-मुख्य बुँदा तथा शर्तहरु :** सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेडको आयोजना संचालनका लागि प्राइम कमर्सियल बैंक लि. र सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड मार्फत वित्तीय श्रोतहरु प्राप्त गरि आयोजनाको कामहरु सञ्चालन भईरहेको छ । मिति २०८२ आषाढ मसान्तसम्मको कर्जा विवरण देहाय बमोजिम रहेको छ :

| बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत दीर्घकालीन कर्जा रकम | हालसम्म भुक्तानी गरिएको कर्जा रकम | बाँकी कर्जा रकम |
|---|---|---|---|
| प्राइम कमर्सियल बैंक लि. | १,२०,६०,००,०००/- | ६६,२२,४५०/- | १,१९,९३,७७,५५०/- |
| सांग्रिला डेभलपमेन्ट बैंक लि. | ५१,५३,५०,८१६/९० | २५,७४,६५८/९० | ५१,२७,७६,१५८/- |

**<u>हरेक वर्षको कर्जा र ब्याज भुक्तानी हुने तालिका निम्नानुसार रहको छ :</u>**

| आर्थिक वर्ष | जम्मा कर्जा भुक्तानी | जम्मा ब्याज भुक्तानी | जम्मा किस्ता रकम | बाँकी कर्जा |
|---|---|---|---|---|
| २०८२/८३ | ३७,५८,९०,२५२/- | १४,०८,५२,६७४/- | २३,६७,४२,९२६/- | १,३३,६२,६३,४५६/- |
| २०८३/८४ | ८,६१,५०,४१३/- | १०,९५,७९,३८५/- | १९,५७,२९,७९९/- | १,२५,०१,१३,०४३/- |
| २०८४/८५ | ९,३६,१८,२१०/- | १०,२१,११,५८८/- | १९,५७,२९,७९९/- | १,१५,६४,९४,८३२/- |
| २०८५/८६ | १०,१७,३३,३४०/- | ९,३९,९६,४५९/- | १९,५७,२९,७९९/- | १,०५,४७,६१,४९३/- |
| २०८६/८७ | ११,०५,५१,९१५/- | ८,५१,७७,८८३/- | १९,५७,२९,७९९/- | ९४,४२,०९,५७७/- |
| २०८७/८८ | १२,०१,३४,९१३/- | ७,५५,९४,८८५/- | १९,५७,२९,७९९/- | ८२,४०,७४,६६४/- |
| २०८८/८९ | १३,०५,४८,५९७/- | ६,५१,८१,२०२/- | १९,५७,२९,७९९/- | ६९,३५,२६,०६८/- |
| २०८९/९० | १४,१८६,४,९७२/- | ५,३८,६४,८२७/- | १९,५७,२९,७९९/- | ५५,१६,६१,०९६/- |
| २०९०/९१ | १५,४१,६२,२८७/- | ४,१५,६७,५१२/- | १९,५७,२९,७९९/- | ३९,७४,९८,८०९/- |
| २०९१/९२ | १६,७५,२५,५७३/- | २,८२,०४,२२५/- | १९,५७,२९,७९९/- | २२,९९,७३,२३६/- |
| २०९२/९३ | १८,२०,४७,२३२/- | १,३६,८२,५६६/- | १९,५७,२९,७९९/- | ४,७९,२६,००४/- |
| २०९३/९४ | ४,७९,२६,००४/- | १०,०६,४४६/- | ४,८९,३२,४५०/- | ००/- |

**कम्पनी र बैंक बिच भएको Credit Facilities Agreement र तत्पश्चात् बैंकसँग विभिन्न समयमा भएका संसोधन सहितका मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :**

1) आयोजना निर्माण तथा संचालनका लागी सहबित्तियकरण कर्जा दिन प्राइम कमर्शियल बैंक लिमिटेडको नेतृत्वमा सांग्रिला विकास बैंक लिमिटेड समेतको सहभागितामा ऋण र स्वपूँजीको अनुपात ७५:२५ हुने गरी स्वीकृत दीर्घकालीन कर्जा सिमा रु. १,७३,००,००,०००/-, ओभरड्राफ्ट सुविधा सिमा रु ७,००,००,०००/-, ब्रिजग्याप ऋण सुविधा सिमा रु २०,००,००,०००/- र बैंक ग्यारेन्टी सुविधा सिमा रु ७५,००,०००/- रहेको । दीर्घकालीन कर्जालाई प्राइम कमर्शियल बैंक लिमिटेडले ७०% र सांग्रिला विकास बैंक लिमिटेडले ३०% गरी उपलब्ध गराउने ।

2) ऋण उपलब्धताका लागी पूरा गर्नुपर्ने शर्तहरु

क) स्वपूँजीको ४०% खर्च गरेको वा बैकमा जम्मा गरेको प्रमाणलाई बैंकले नियुक्त गरेको बित्तिय परामर्शदाताले प्रमाणिकरण गरेको हुनुपर्ने

ख) विद्यमान सरकारी नियम तथा राष्ट्र बैंकका विनियमहरु पूरा गरेको हुनुपर्ने ।

ग) कम्पीको नाममा भएका अचल सम्पति, जग्गा तथा हाल अथवा भविष्यमा सो जग्गामा निर्माण हुने निर्मित संरचनाहरु Registered Mortgage/pledge/hypothecation गर्नुपर्ने ।

घ) बैकको पक्षमा आयोजनाका सम्पूर्ण चल सम्पति तथा नेपाल बिद्युत प्राधिकरणवाट प्राप्त हुने भुक्तानी आदी प्रथम प्रतिपुर्ति अधिकार हुनुपर्ने ।

ङ) आयोजनको विद्युत उत्पादन अनुमतिपत्र तथा नेपाल विद्युत प्राधिकरणसंग भएको विद्युत खरदि बिक्री सम्झौतामा बैंकको प्रथम प्रतिपुर्ति अधिकार हुनुपर्ने ।

च) कम्पनीका सम्पूर्ण शेयरहरु बैंकको नाममा बंधक राख्नुपर्ने ।

छ) अर्जुन प्रसाद पौडेल, बिद्यालक्ष्मी लामिछाने र अबिस पौडेलको साझा र व्यक्तिगत जिम्मेवारी (Joint and Several Personnel Guaraantee) प्रत्याभूति हुनुपर्ने ।

ज) ऋणी र बैंक बीच तमशुक र प्रतिज्ञापत्रमा सहमत तथा हस्ताक्षर गर्नुपर्ने ।

झ) आयोजनाका भवन तथा उपकरण लगायत अन्य अचल सम्पतिहरुको सम्पूर्ण जोखिम कभर हुने गरी इन्सुरेन्स गनुपर्ने ।

ञ) कम्पनीको कर्पोरेट ग्यारेन्टि हुनुपर्ने ।

3) शुल्क, कमिशन तथा जरीवाना निम्नानुसार हुनेछन ।

क) कर्जा प्रकृया र व्यवस्थापन शुल्क : जम्मा स्विकृत दीर्घकालीन कर्जा रकमको ०.७५%

ख) ऐजेन्सि शुल्क : आर्थिक वर्षको अन्तमा रहेको ऋण रकमको वार्षिक ०.१५% का दरले हरेक बर्ष

ग) कर्जा प्रतिबद्धता शुल्क : प्रतिबद्धता गरी उपयोग नगरेको रकमको १% का दरले

घ) अग्रिम भुक्तानी शुल्क/जरीवाना : आयोजनाको आन्तरीक उत्पादन आम्दानी बाहेक अन्य श्रोतबाट अन्य श्रोतबाट अग्रिम भुक्तानी गरेमा भुक्तानी भएको रकमको २%

4) ब्याज तथा जरीवाना ब्याज

क) सहवित्तियकरण कर्जाका लागी संलग्न बैंकहरुको अघिल्ला तिन महिनाको भारित औषत आधार दरमा २% जोडेर ब्याजदर कायम गरीनेछ ।

ख) किस्ता तथा ब्याज भुक्तानी निर्धारित समयमा गर्न नसकेमा उक्त भाखा नाघेको रकममा थप २% जरीवाना ब्याज लगाईनेछ ।

5) सहवित्तियकरण अन्तर्गतको दीर्घकालीन कर्जालाई १२ वर्ष अर्थात ४८ वटा किस्तामा त्रैमाशिक रुपमा भुक्तान गरिसक्नुपर्नेछ ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :** सो नभएको ।

**ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:** सो नभएको ।

**ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको ।

**घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :** सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :** निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि कार्यालय समय भित्र सम्पर्क नम्बर: ०१-४५२५२८० मा सम्पर्क गर्न सकिनेछ ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :**

सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म संगठित संस्थाले ऋणपत्र जारी गरेको छैन र आवश्यकता अनुसार भविष्यमा ऋणपत्र जारी गर्न सक्नेछ ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :** हालसम्म कम्पनीले अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** यस विवरणपत्रमा उल्लेखित वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशन कम्पनीको हालको दक्षता र निष्काशन कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी एस भण्डारी एण्ड एसोशिएट्सद्वारा प्रमाणित गरिएको छ । सो को राय देहाय बमोजिम रहेको छ :

- वित्तीय प्रक्षेपण तथा प्रक्षेपणका आधारहरु कम्पनी स्वयंले तयार गरिएको हो । आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्मको प्रक्षेपित वित्तीय विवरणहरु वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा कम्पनीको व्यवस्थापनले तयार पारेको र यसका लागि कम्पनीको व्यवस्थापन स्वयं नै उत्तरदायी हुनेछ ।
- यस वित्तीय विवरणमा प्रस्तुत गरिएको प्रमुख अनुमानहरु बमोजिम लेखापरिक्षकबाट हालको प्रचलित लेखा मापदण्ड अनुरुप प्रक्षेपित वित्तीय विवरण पुनरावलोकन गरी सो को प्रमाणिकरण मात्र गरिएको छ ।
- प्रक्षेपित वित्तीय विवरण तयार गर्नुको उद्देश्य आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा सर्वसाधारणहरुको लागि शेयर निष्काशन गरी निष्काशनबाट प्राप्त रकम आयोजनाको कर्जा भुक्तानीका लागि प्रयोग गरिने कम्पनीले जनाएको छ ।
- प्रक्षेपित वित्तीय विवरणहरु भविष्यमा घट्न सक्ने घटनाहरु र व्यवस्थापनका कार्यहरुको बारेमा परिकल्पनीय धारणाहरु (hypothetical assumptions) को आधारमा तयार गरिएको छ र जुन भविष्यमा घटित हुन आवश्यक हुनेछैन । कथंकदाचित काबु बाहिरको परिस्थिती तथा घटनाहरु भएमा यस प्रक्षेपित वित्तीय विवरणमा उल्लेख गरिएको वित्तीय विवरण र वास्तविक वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए सो को कारण :** गत तीन आर्थिक वर्ष भित्रमा कुनै लेखापरीक्षक परिवर्तन नभएको र संचालकमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ :

| क्र.सं. | संचालकको नाम | परिवर्तन भएको आ.व. | परिवर्तन हुनाको कारण |
|---|---|---|---|
| १ | महेन्द्र वाग्ले | २०७९/०८० | पूँजी वृद्धि |
| २ | अविस घौडेल | २०७९/०८० | पूँजी वृद्धि |
| ३ | - | २०८०/०८१ | कुनै परिवर्तन नभएको । |
| ४ | - | २०८१/०८२ | कुनै परिवर्तन नभएको । |

**ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :** धादिङ्ग जिल्ला सिद्धलख गाउँपालिका वडा नं.०७ मा बसोबास गर्नु भई यस कम्पनीमा लेखा अधिकृत रहनुभएका श्री कृष्णजी भण्डारी लाई मिति २०८०/०६/२० गतेको संचालक समितिको निर्णय अनुसार कम्पनी सचिवको रुपमा नियुक्त गरिएको । उद्योग क्षेत्रमा लामो अनुभव रहेका श्री कृष्णजी भण्डारीले त्रिभुवन विश्वविद्यालयबाट व्यवसायिक अध्ययनमा एम.वि.एस सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ ।

**घ) सार्वजनिक निष्काशन (Initial Public Offering) गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण:** मिति २०८०/०६/२४ को संचालक समितिको बैठक तथा मिति २०८०/०७/१६ मा सम्पन्न वार्षिक साधारणसभाको निर्णय अनुसार कम्पनीको जारी पूँजी रु.८६,००,००,०००/- (अक्षरेपी छयासी करोड रुपैयाँ मात्र) को १० प्रतिशत अर्थात रु.८६०,००,०००/- (अक्षरेपी आठ करोड साठी लाख रुपैयाँ मात्र) रकम बराबरको ८६०,००० कित्ता साधारण शेयर कम्पनीको आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई र जारी पूँजीको २० प्रतिशत अर्थात रु.१७,२०,००,०००/- (अक्षरेपी सत्र करोड बीस लाख रुपैयाँ मात्र) रकम बराबरको १७,२०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरु (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा रहेका नेपाली नागरिकहरु, सामूहिक लगानी कोष तथा कार्यालयमा कार्यरत कर्मचारीहरु समेत) लाई गरी कूल रु.२५,८०,००,०००/- (अक्षरेपी पचीस करोड असी लाख रुपैयाँ मात्र) रकम बराबरको २५,८०,००० कित्ता साधारण शेयरहरु प्रति शेयर रु.१००/- अंकित दरमा सार्वजनिक निष्काशन गर्ने निर्णय भएको । साथै, यस कम्पनीको साधारण शेयर निष्काशन गर्दा नियामक निकायहरुको नियम, निर्देशन भित्र रहि जारी गर्ने र सो को लागि आवश्यक कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय समेत भएको ।

ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** आयकर ऐन, २०५८ को दफा ११ (३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो दश वर्षसम्म पुरै आयकर छुट पाउने र त्यस पछिको ५ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ। साथै, विद्युत ऐन, २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन, २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील पाइप, उपकरण आदिको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ। साथै, कम्पनीले आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र मिति २०८२/०९/०८ गते प्राप्त गरेको छ।

च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कार्यालय समयभित्र निम्न स्थानहरुमा सम्पर्क राखि संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ :

१) माउन्ट एभरेष्ट पावर डेभलपमेण्ट लिमिटेडको रजिष्टर्ड कार्यालय, महालक्ष्मीस्थान वडा नं. १५, ललितपुर वा वेबसाइट : www.mounteveresthydro.com

२) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं वा वेबसाइट : www.nimbacecapital.com

छ) **बोनस शेयर सम्बन्धी व्यवस्था :** प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार यस संस्थाले भविष्यमा बोनस शेयर जारी गर्न सक्नेछ।

ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :** यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति शेयर रु.१००/- अंकित दरका ८६०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि, १,७२,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, ३४,४०० कित्ता शेयर कार्यालयमा कार्यरत करार र ज्यालादारी बाहेकका कर्मचारीहरुका लागि र ८६,००० कित्ता शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको छ।

झ) **कम्पनीले कम्पनी ऐनले गरेका व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :** यस कम्पनीले कम्पनी ऐन, २०६३ मा भएका व्यवस्थाहरु, आफुले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएका विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ। साथै, कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने सम्पूर्ण विवरणहरु पेश गरेको हुनाले मिति २०८२/०७/०४ गते प्राप्त पत्र अनुसार यस कम्पनी आर्थिक वर्ष २०८१/०८२ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको छ र कम्पनीले पछिल्लो आर्थिक वर्ष अर्थात आ.व. २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी प्रचलित कानून बमोजिम मिति २०८२/०६/११ गते तेस्रो वार्षिक साधारणसभा समेत सम्पन्न भैसकेको छ।

ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशित आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि छुट्याईएको शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्रमा बिक्री प्रबन्धकले सङ्कलन केन्द्रको आवश्यक व्यवस्था गरी आवेदन फाराम, विवरणपत्र वितरण तथा आवेदन फाराम सहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गर्नेछ। सर्वसाधारणहरुको हकमा नेपाल धितोपत्र बोर्डबाट स्वीकृत सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेको छ।

ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८२/०९/०८ मा इस्यूयर रेटिङ्ग गराई "CARE-NP BB (Is) [Double B (Issuer )]" प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्य समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेका (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँदछ।

**रेटिङ्ग प्राप्त गरेको मिति :** वि.सं. २०८२/०९/०८ (सन् २०२५, डिसेम्बर २३)
**बहाल रहने मिति :** वि.सं. २०८३/१०/२४ (सन २०२७, फेब्रुअरी ०७)

ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं रहेको छ।

**ड) सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ वर्षका लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभाशं दर बढी रहेको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

४) जलविद्युतको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा विकास कार्यमा योजनावद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण पश्चात् शेयरको दाखिल, खारेज, दस्तखत रुजु, आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा यस कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरि व्यवस्था गरिनेछ ।

**ण) धितोपत्र बिक्री खुल्ला अवधि :** यस विवरणपत्र मार्फत प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ । जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढिमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र उक्त अवधिभित्र निष्काशन गरिएको धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिबाट बढिमा १५ दिन हुनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरिएको शेयर बाँडफाँड गरे पश्चात् सर्वसाधारणका लागि शेयर निष्काशन खुल्लाको आह्वानपत्र प्रकाशित गरिनेछ । सर्वसाधारणको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ ।

**त) धितोपत्र दर्ता निष्काशन नियमावली, २०७३ को नियम ९(३) मा भएको व्यवस्थाहरुको विवरण :**

१) **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडी बढाई एक वर्षको अवधि पूरा गरेको :** कम्पनीले मिति २०७१/०७/३० मा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०८०/०३/२८ गते पब्लिक लिमिटेडको रुपमा परिणत भई आफ्नो उदेश्य अनुसारको कारोबार संचालन गरिरहेको छ ।

२) **प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको :** कम्पनीले पछिल्लो आर्थिक वर्ष अर्थात आ.व. २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी प्रचलित कानून बमोजिम मिति २०८२/०६/११ गते तेश्रो वार्षिक साधारणसभा समेत सम्पन्न भैसकेको छ ।

३) **आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृत लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको :** कम्पनीले आफ्नो उद्देश्य अनुसार दुधकुण्ड खोला जलविद्युत आयोजनाको सर्वेक्षणको लागि विद्युत ऐन २०४९, बमोजिम विद्युत उत्पादनको अनुमति पत्र मिति २०७६/०८/२३ गते प्राप्त गरिसकेको । उक्त आयोजनाको निर्माण तथा संचालनका लागि सो ऐनमा भएको व्यवस्था अनुसार विद्युत उत्पादन अनुमति पत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्रसारण प्रणाली भएको ठाउँमा पुर्‍याई बिक्री गर्ने, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरिद गर्ने सम्झौता मिति २०७५ साल श्रावण महिना ०१ गते भैसकेको छ ।

४) **संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदाम घर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको :** आयोजनाको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु तथा अन्य सम्पूर्ण निर्माण कार्य सम्पन्न भैसकेको ।

५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा :** यस आयोजनाको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गरी निर्माण कार्य सम्पन्न भैसकेको र मिति २०८१ साल श्रावण १६ गते देखि व्यवसायिक उत्पादन समेत शुरु भैसकेको छ ।

६) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसंग सम्झौता भईसकेको :** कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए बमोजिम साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआइएमबि एस क्यापिटल लिमिटेडसँग सम्झौता भैसकेको ।

७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** यस कम्पनीको आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत छौं ।

८) संस्थापकहरुले आफुले लिन कबुल गरेका ६०,२०,००० कित्ता शेयरको प्रति शेयर रु. १००/- का दरले हुन आउने रु. ६०,२०,००,०००/- शत् प्रतिशत चुक्ता भैसकेको छ ।

९) **आयोजना निर्माणका लागि फाइनान्सिएल क्लोजर (Financial Closure) भैसकेको :** यस आयोजना निर्माणका लागि प्राईम बैंक लिमिटेड मार्फत मिति २०७७/१२/३० (तदनुसार २०२१/०४/१२) मा फाइनान्सिएल क्लोजर भैसकेको ।

१०) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको :** दुधकुण्ड खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने सम्पूर्ण विद्युत खरिदको लागि नेपाल विद्युत प्रधिकरण संग मिति २०७५ साल श्रावण १ गते सम्झौता सम्पन्न भई कार्यान्वयन समेत भईसकेको छ ।

११) **सर्वसाधारणलाई निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम प्रत्याभूत गराएको :** यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा तोकिए बमोजिम प्रत्याभूति गरिएको छ ।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री अर्जुन प्रसाद पौडेल | अध्यक्ष | |
| २ | श्रीमति विद्या लक्ष्मी लामिछाने | संचालक | |
| ३ | श्री महेन्द्र राज वाग्ले | संचालक | |
| ४ | श्री अबिस पौडेल | संचालक | |

**ग.२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) को प्रति :**

**NIMB ACE CAPITAL LIMITED**
Managing Shares. Managing Investments.

च.नं. : Issue/०८२/८३/१००
मिति : २०८२/१०/२९

श्री नेपाल धितोपत्र बोर्ड,
खुमल्टार, ललितपुर ।

विषय : प्रतिबद्धता पत्र (Due Diligence Certificate)

महाशय,

ललितपुर जिल्ला, वडा नं. १५, महालक्ष्मीस्थान, ललितपुरमा रजिष्टर्ड कार्यालय रहेको माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडले निष्काशन गर्न लागेको आफ्नो जारी पूँजीको ३० प्रतिशतले हुन आउने रु.२५,८०,००,०००/- रकम बराबरको २५,८०,००० कित्ता साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दा तथा अन्य सर्वसाधारणका लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जूर गर्दछौं । सर्वसाधारणहरुमा धितोपत्र निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार धितोपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरुको जानकारी गराउँदछौं :

१) माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेडको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै, कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२) प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक-एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३) विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धमा धितोपत्र ऐन २०६३ तथा यस ऐन अन्तर्गत बनेका नियम, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण गर्दछौं ।

४) निष्काशन कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

५) कम्पनीको निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरणपत्र तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

६) तहाँ बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सबै कुराहरुको अध्ययन गरी उक्त नियमावलीको व्यवस्थाहरुसँग अनुरुप हुने गरी सम्बन्धित कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :
**एनआइएमबि एस क्यापिटल लिमिटेडका तर्फबाट**

नाम : सचिन्द्र ढुङ्गाना
पद : नायब प्रमुख कार्यकारी अधिकृत

दस्तखत :

कार्यालयको छाप : NIMB ACE CAPITAL Managing shares. Managing Investments. (Wholly Owned Subsidiary of Nepal Investment Mega Bank Ltd)

NIMB ACE CAPITAL LIMITED
एनआइएमबि एस क्यापिटल लिमिटेड
(Wholly Owned subsidiary of Nepal Investment Mega Bank Limited)

P.O. Box 23224, Lazimpat, Kathmandu
T : +977-1-4005157, 4519421, 4525280
F : +977-1-4005084
E : info@nimbacecapital.com
W : www.nimbacecapital.com
(Formed by Acquisition of Mega Capital Markets Ltd. By NIBL Ace Capital ltd.)

Licensed by Securities Board of Nepal (SEBON)

- Issue Management - Registrar to Shares/Registrar & Transfer Agent - Underwriting - Portfolio Management - Depository Participant - Fund Manager & Depository of NIMB Mutual Fun

ग.२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**S. Bhandari & Associates**
*Chartered Accountants*
Kathmandu, Nepal

Firm Regn. No. 598
PAN 103770998

## INDEPENDENT AUDITOR's REPORT TO THE SHAREHOLDERS OF MOUNT EVEREST POWER DEVELOPMENT LIMITED

### OPINION

We have audited the accompanying financial statements of **M/s Mount Everest Power Development Limited** which comprises the Statement of Financial Position as at 32nd Ashadh 2082 and the related statement of Profit or Loss & Other Comprehensive Income, Statement of Cash Flows, Statement of Changes in Equity and accompanying Notes for the year then ended.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, except otherwise stated, the financial position of the Company as at 32nd Ashadh 2082 and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standard (NFRS).

### BASIS FOR OPINION

We conducted our audit in accordance with Nepal Standard on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the International Ethics Standard Board for Accountant's Code of Ethics for Professional Accountants (IESBA Code) together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the IESBA Code. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

### KEY AUDIT MATTERS

Key audit matters are those audit matters that, in our professional judgment, were of most significance in our audit of the financial statement of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. There are no key audit matters that need to be reported for the year under audit.

### RESPONSIBILITIES OF MANAGEMENT AND THOSE CHARGED WITH GOVERNANCE FOR THE FINANCIAL STATEMENTS

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with NASs/NFRS, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error. In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going

S. Bhandari & Associates Chartered Accountants Kathmandu Nepal

Email: sagar.sbhandari2023@gmail.com

concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

## AUDITOR'S RESPONSIBILITIES FOR THE AUDIT OF FINANCIAL STATEMENTS

Our objectives are to obtain reasonable assurance about whether the financial statement as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes the opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatement can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

## REPORT ON OTHER LEGAL AND REGULATORY REQUIREMENTS

We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit. In our opinion, the accompanying financial statements are prepared in accordance with the provisions of Companies Act 2063 and are in agreement with the books of account maintained by the Company. During the course of our audit, we did not come across any cases where the board of directors or any representative or any employee has acted contrary to law or misappropriated any property of the company or caused any loss or damage to the company. As per our information, any accounting fraud has not been committed in the company.

**For S. Bhandari & Associates**
Chartered Accountants

Sagar Bhandari
(Proprietor)
Address: Kathmandu, Nepal
Date: 2082.05.10
UDIN: 250904CA00900dRKtP

GAIRHE & ASSOCIATES
Chartered Accountants

P.O. Box No. 11904
Saibu, Bhaisepa ti, Lalitpur-25
Phone No.: 01-5916986
E-mail: info.cagsg@gmail.com

# Report on Examination of Prospective Financial Information of Mount Everest Power Development Limited

**To**
**The Board of Directors,**
**Mount Everest Power Development Limited**
**Lalitpur Nepal**

We have examined the accompanying prospected financial information of **Mount Everest Power Development Limited** (the "Company"), which comprise the prospected financial information for the financial years 2082-83 to 2086-87 (5 years). The prospective financial information has been prepared by the management based in the assumption described in **Note A** solely for the purpose of submission to the Securities Board of Nepal (SEBON) in connection with the proposed Initial Public Offering (IPO) of the Company.

## Our Responsibilities

Our responsibility is to express an opinion prospective financial information based on our review. We conducted our examination in accordance with Nepal Standard on Auditing (NSA) 3400, "The Examination of Prospective Financial Information." This standard requires that we comply with ethical requirements and plan and perform the engagement to obtain reasonable assurance as to whether the assumptions provide a reasonable basis for the projections and whether the projected financial statements are properly prepared.

An examination of prospective financial information involves evaluating the preparation and presentation of the projections, assessing the support for the assumptions, and performing such procedures as we consider necessary in the circumstances. The evidence supporting the assumptions is future-oriented and, therefore, inherently speculative.

## Management's Responsibility for the Provisional Financial Statements

Management is responsible for the preparation and presentation of the prospective financial information in accordance with the assumptions set out in Note A and the applicable financial reporting framework, including the reasonableness of the underlying assumptions.

Management is also responsible for ensuring that the assumptions are suitably supported and consistent with the purpose for which the projections are prepared.

## Opinion

Based on our examination the evidence supporting the assumptions, as set out in Note A, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for projection. Further the projected financial statements are properly prepared on the basis of those assumptions and estimates applicable to the company.

## Emphasis on Inherent Uncertainty

We draw attention to the fact that actual results are likely to differ from the projected results since anticipated events frequently do not occur as expected and the variation may be material. We do not express assurance on the achievability of the projected results. Even if the events anticipated under the

G.S. Gairhe & Associates Chartered Accountant Lalitpur, Nepal

hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

**Restriction on Use**

This report is issued solely for the purpose of submission to the Securities Board of Nepal (SEBON) in connection with the proposed Initial Public Offering (IPO) of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's action that are not necessarily expected to occur. consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

G.S. Gairhe & Associates Lalitpur, Nepal Chartered Accountant

**CA. Saugat Bhujel**
**Partner**
G.S. Gairhe & Associates
Chartered Accountants
Place: Lalitpur, Nepal
UDIN: 260213CA02110dkjaN

**<u>नेपाल धितोपत्र बोर्डबाट मिति २०८२/०१/२८ मा जारी गरेको निर्देशनको बुँदा नं. ६ को विवरणहरु :</u>**

क) **विगत तीन आ.व. मा कम्पनीले अवलम्बन गरेको नयाँ लेखा नीति, सो नीति अवलम्बन गर्नुको औचित्य तथा कारण र सोको वित्तीय प्रभाव सम्बन्धमा :** गत तीन आ.व. को अवधिमा कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS) अनुरुप लेखा नीति अपनाएको छ। उक्त लेखा नीतिले वित्तीय विवरणलाई पारदर्शी, तुलनात्मक र यथार्थपुरक बनाउनुका साथै, सो नीतिहरुको कार्यान्वयनले कम्पनीको वित्तीय विवरणलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउन सहयोग पुगेको छ।

ख) **आयोजना/परियोजना भएको अवस्थामा ब्याज पूँजीकरण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :** कम्पनीले आयोजनाको लागतमा आयोजनाको निर्माणको लागि लिएको साँवाँ रकमको ब्याज प्रत्यक तीन तीन महिनामा पूजिँकरण गर्दै लैजाने गरेको छ । यस्तो पूजिँकरण गरिएको रकम कम्पनी र बैंक बिच भएको ऋण सम्झौता अनुसार निर्माण अवधिको ब्याज शिर्षकमा प्रविष्ट गरिएको हुन्छ ।

**<u>ब्याजको पूँजिकरण सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :</u>**

| आर्थिक वर्ष | पूजिँकरण गरिएको ब्याज रकम (रु.) |
|---|---|
| २०७७/७८ | ११,५०८,७५०.०० |
| २०७८/७९ | ६६३,३०६.०० |
| २०७९/८० | ५३,८५३,२१२.६२ |
| २०८०/८१ | १५८,९०३,२८१.५० |
| २०८१/८२ | ७,७६०,२१५.०० |
| **जम्मा** | **२३२,६८८,७६५.१२** |

ग) **अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवारको सम्बन्धमा :** कम्पनीको वित्तीय विवरणमा कुनै पनि अस्वभाविक आम्दानी तथा खर्च सम्बन्धी कारोवार नरहेको ।

घ) **संभावित दायित्व तथा सो बाट नेटवर्थमा पर्न जान सक्ने प्रभाव सम्बन्धी विवरण :** २०८२ आषाढ मसान्तसम्म व्यवस्थापनको जानकारीमा आयसम्म कुनै संभावित दायित्व नरहेको ।

ङ) **लेखापरीक्षण भएको वित्तीय विवरण, अपरिष्कृत वित्तीय विवरण र प्रक्षेपित वित्तीय विवरण बमोजिम विभिन्न वित्तीय अनुपान जस्तै आम्दानीमा वृद्धि/घटि, खर्चमा वृद्धि/घटि, नाफा नोक्सानमा वृद्धि/घटि, सम्पत्तिमा वृद्धि/घटि लगायतका विवरणहरु तथा सोको कारणहरुको समेत तुलनात्मकमा आ.व. सहित प्रस्तुत गरिएको विज्ञबाट प्रमाणित विवरण यसैसाथ संलग्न गरिएको ।**

| क्र.सं. | विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | |
| १ | बिक्री | ८९०,६७२ | १,१५७,५८९ | २९१,७८१ | ४०२,६७४ | ४१४,४३६ | ४२६,१९७ | |
| | बिक्रीमा वृद्धि/कमी | | २९.९७% | -७४.७९% | ३८.०१% | २.९२% | २.८४% | २०७९।८० र २०८०।८१ मा IFRIC 12 अन्तर्गत NFRS बमोजिमको आय लेखांकन गरेको । २०८१।८२ (श्रावण १६) देखि बिद्दुत बिक्रीको आय लेखांकन गरेको र सर्ट सप्लाई चार्जले गर्दा खुद बिक्री कम देखिएको । ०८२-८३ मा पुर्ण क्षमतामा बिद्दुत बिक्रि भएकाले आम्दानी बढेको । |
| २ | बिक्री लागत | (८८६,२४१) | (१,१५१,८३०) | (२२,५५३) | (४५,५४०) | (४६,६६०) | (४७,८०९) | |
| | बिक्री लागत मा वृद्धि/कमी | | २९.९७% | -९८.०४% | १०१.९३% | २.४६% | २.४६% | NFRS अनुसार IFRIC १२ अन्तर्गत बिक्री लागत समावेश गरिएकोले आ.व २०८०/८१ मा बिक्री लागत वृद्धि भएको हो । आ.व २०८२/८३ देखि विद्युत उत्पादन पूर्ण क्षमतामा सञ्चालन भएकोले बिक्री लागत बढेको छ । |
| ३ | जम्मा खर्च | (४,९५८) | (४,९४९) | (२३८,६६३) | (२३१,४७४) | (२०१,२३९) | (१९४,२३१) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा खर्चमा वृद्धि/कमी | | -०.१९% | ४७२२.४१% | -३.०१% | -१३.०६% | -३.४८% | कुल खर्च आ.व वर्ष २०८१/८२ देखि वृद्धि भएको छ, जसको मुख्य कारण प्रशासनिक खर्चको वृद्धिको साथै २०८१/८२ देखि विद्युत उत्पादन सुरु भएकोले ह्रास र वित्तीय खर्चको समावेश भएको । |
| ४ | खुद नाफा | (४३६) | ८१० | ३०,८९३ | १२५,६६० | १६६,५३७ | १८४,१५७ | |
| | खुद नाफामा वृद्धि/कमी | | -२८५.९२% | ३७१३.४३% | ३०६.७६% | ३२.५३% | १०.५८% | खर्चको वृद्धि भन्दा आम्दानीको वृद्धि बढी भएकोले र विद्युत उत्पादन पूर्ण क्षमतामा सञ्चालन भइरहेको । |
| ५ | सम्पत्ती, प्लान्ट र उपकरण (Gross Block) | ४,७२० | ३,८१२ | ५,१३५ | ४,२२४ | ३,४८० | २,८७० | |
| | सम्पत्ती, प्लान्ट र उपकरण (Gross Block मा वृद्धि/कमी | | -१९.२३% | ३४.७१% | -१७.७३% | -१७.६३% | -१७.५२% | आ.व वर्ष २०८१/८२ मा स्थिर सम्पत्ति ( PPE) मा वृद्धि प्रोजेक्ट सञ्चालनका लागि अन्य सम्पत्ति थप भएको । आ.व वर्ष २०८२/८३ देखि सम्पत्तिमा ह्रासका कारण घटेको र पुरानो उपकरणको सम्भावित बिक्री । |

**च) निष्काशनकर्ता संस्थाबाट प्रवर्द्धित आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement) मा उल्लेखित व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा ढिला उत्पादन हुन गएमा PPA मा उल्लेख भए अनुसारको वार्षिक मूल्यबृद्धिको संख्यामा हुने कटौतिबाट कम्पनीमा पर्न जाने प्रभावलाई समेत आधारमा लिई तयार गरिएको प्रक्षेपित वित्तीय विवरण र अन्य वित्तीय परिसूचकहरु लेखापरिक्षकबाट प्रमाणित गरि पेश गर्नुपर्ने :**

आयोजनाको विद्युत खरिद बिक्री सम्झौता (Power Purchase Agreement) मा उल्लेखित व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति भन्दा अगावै व्यापारिक उत्पादन शुरु भएको ।

**छ) निवेदक कम्पनी जलविद्युत कम्पनी भएको हुँदा देहाय बमोजिमको थप विवरण प्रस्तुत गरिएको :**

**१. आयोजनाको व्यापारीक उत्पादन मिति:** २०८१/०४/१६ बाट उत्पादन भइरहेको ।

**२. कम्पनीको IRR, Normal Payback Period, Discounted Payback Period, Net Present Value Cost of Capital Debt Equity Ration:** सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| IRR | १६.२२ % |
| साधारण लगानी फिर्ता हुने अवधि (PBP) | ६.२६ |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted PBP) | ९.६९ |
| Net Present Value ('000) | १,३०७,५९९,४९३ |
| Cost of Capital | २,३४८,९११,७८८.६८ |
| Debt Equity Ratio | ७४.३७:२५.६२ |

**३. Debt Financing Instution सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।**

| मिति २०८२ साल अषढ मसान्त सम्म कायम ऋण रकम सम्बन्धी विवरण : | | | |
|---|---|---|---|
| **बैंक तथा वित्तीय संस्थाको नाम** | **स्वीकृत दीर्घकालीन कर्जा रकम** | **हालसम्म भुक्तानी गरिएको कर्जा रकम** | **बाँकी कर्जा रकम** |
| प्राइम कमर्सियल बैंक लि. | १,२०,६०,००,०००/- | ६६,२२,४५०/- | १,१९,९३,७७,५५०/- |
| सांग्रिला डेभलपमेन्ट बैंक लि. | ५१,५३,५०,८१६/ ९० | २५,७४,६५८/९० | ५१,२७,७६,१५८/- |

**४. प्रसारण लाइन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :**

| | |
|---|---|
| प्रसारण लाइनको दुरी : | २४.५८ कि.मी. |
| प्रसारण लाइन जोडिने नेपाल विद्युत प्राधिकरणको सव-स्टेशन : | तिङ्गला (लमाने) सव-स्टेशन |
| खम्बा (Pole) को संख्या : | ६५० |
| भोल्टेज लेभल : | ३३ के.भि. सिङ्गल सर्किट |

| | |
|---|---|
| निर्माण प्रगति प्रतिशत : | १००% |
| प्रसारण लाइन अनुमतिपत्र प्राप्त मिति : | २०८१/०१/२० |
| प्रसारण लाइन बहाल रहने मिति : | २१०६/०१/१९ |

५ **पछिल्लो १२ महिनामा संचालनलाई असर पुऱ्याउने प्रमुख घटना घटेको भए सोको विवरण सम्बन्धमा :** पछिल्लो १२ महिनामा गत असोज ९-१३ गते भएको भारी वर्षा र त्यस पश्चात् आएको बाढि पहिरोको कारण आयोजनाको पहुँच मार्गमा सामान्य क्षति भएता पनि आयोजना निर्माण भई संचालनमा रहेकाले विद्युत उत्पादनमा कुनै असर नपरेको ।

६. **नेपाल विद्यत प्राधिकरणसँग भएको PPA को मूल सम्झौता तथा सो मा भएका संशोधनहरुको मितिहरु देहाय बमोजिम रहेको छ :** सगरमाथा अञ्चल सोलुखुम्बु जिल्लाको बेनी गा.वि.स.मा अवस्थित दुधकुण्ड खोलाको पानीबाट १२ मेगावाट क्षमताको दुधकुण्ड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षणका लागि विद्युत ऐन, २०४९ बमोजिम मिति २०७३/१२/१३ गते अनुमतिपत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरिद बिक्री गर्नका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७५/०४/०१ गते विद्युत खरिद सम्झौता (PPA) गरेको छ । उक्त सम्झौताको संशोधनहरु देहाय बमोजिम रहेको छन् :

पहिलो संशोधन : मिति २०७५/१२/२१ गते
दोश्रो संशोधन : मिति २०७८/०९/१८ गते
तेश्रो संशोधन : मिति २०८०/०२/२४) गते
उक्त सम्झौताको अवधि २९ वर्ष ३ महिना बाँकी रहेको छ ।

७. **यदी RCOD मा विद्युत उत्पादन हुन शुरु भईनसकेको भए सोको कारण तथा Expected COD सम्बन्धमा :** नेपाल बिद्युत प्राधिकरणसंग गरेको PPA अनुसार RCOD २०८१।०६।२८ मा भएता पनि आयोजनाको व्यापारीक उत्पादन मिति २०८१/०४/१६ देखि सुरु भएकोछ ।

८. **विद्युत उत्पादन अनुमति प्रदान मिति, उत्पादन अनुमति वहाल रहने मिति तथा बाँकी अवधि सम्बन्धी विवरण :**

| | |
|---|---|
| विद्युत उत्पादन अनुमती प्रदान मिति : | २०७६/०८/२३ |
| विद्युत उत्पादन बहाल रहने मिति : | २१११/०८/१७ सम्म रहेकोले २८ वर्ष ९ महिना बाँकी रहेको छ । |

९. **PPA बमोजिमको Energy Table, खरिद बिक्री दर र Escalation सहितको विवरण सम्बन्धमा ।**

**Table I**

| | | | |
|---|---|---|---|
| Installed Capacity (kw) | 12,000 | Rated Turbine Efficiency | 91.00% |
| Design Discharge (m3/s) | 4.61 | Rated Generator Efficiency | 97.00% |
| Min Release (m3/s) | 0.16 | Rated Transformer Efficiency | 99.00% |
| Gross Head (m) | 316.00 | Combined Efficiency | 87.39% |
| Outage + Losses + Self Consumption (%) | | | 4% |

**Table II** **EnergyTable**

| Months | No of days | Available Dicharge (m3/sec) | Discharge for Power Generation (m3/sec) | Net Head (m) | Average Power (kw) | Maximum Power (kw) | Monthly Generation before Outage & Loses (kwh) | Outage including losses (kwh) | Contract Energy (kWh) |
|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | E | E1 | F | G | H=F-G |
| वैशाख | ३१ | २.१५ | १.९९ | ३१३.८३ | ५,३९७ | ६,८३१ | ३,९७५,४२१ | १५९,०१७ | ३,८१६,४०५ |
| जेष्ठ (१ देखि १५) | १५ | ३.५१ | ३.३५ | ३१२.६९ | ९,०७५ | ११,५१५ | ३,२३४,२७० | १२९३७१ | ३,१०४,८९९ |
| जेष्ठ (१६ देखि ३१) | १६ | ३.५१ | ३.३५ | ३१२.६९ | ९,०७५ | ११,५१५ | ३,४४९,८८९ | १३७,९९६ | ३,३११,८९२ |
| आषाढ | ३२ | ९.२९ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ९,१२३,८४० | ३६४,९५४ | ८,७५८,८८६ |
| श्रावण | ३१ | १६.३९ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,८३८,७२० | ३५३,५४९ | ८,४८५,१७१ |
| भाद्र | ३१ | १६.७६ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,८३८,७२० | ३५३,५४९ | ८,४८५,१७१ |
| आश्विन | ३१ | १०.०२ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,८३८,७२० | ३५३,५४९ | ८,४८५,१७१ |
| कार्तिक | ३० | ४.९८ | ४.६१ | ३११.११ | १२,००० | १२,००० | ८,५५३,६०० | ३४२,१४४ | ८,२११,४५६ |
| मंसिर (१ देखि १५) | १५ | ३.११ | २.९५ | ३१३.०९ | ७,९९७ | १०,०६२ | २,८५०,००६ | ११४,००० | २,७३६,००६ |
| मंसिर (१६ देखि २९) | १४ | ३.११ | २.९५ | ३१३.०९ | ७,९९७ | १०,०६२ | २,६६०,००५ | १०६,४०० | २,५५३,६०५ |
| पौष | ३० | २.२५ | २.०९ | ३१३.७७ | ५,६६५ | ६,८०६ | ४,०३८,३१७ | १६१,५३३ | ३,८७६,७८५ |
| माघ | २९ | १.८४ | १.६८ | ३१४.०१ | ४,५५८ | ५,१८५ | ३,१४०,५४७ | १२५,६२२ | ३,०१४,९२५ |
| फाल्गुन | ३० | १.७३ | १.५७ | ३१४.०७ | ४,२५६ | ४,५५० | ३,०३३,९०५ | १२१,३५६ | २,९१२,५४९ |
| चैत्र | ३० | १.६३ | १.४७ | ३१४.१२ | ३,९८६ | ४,१०४ | २,८४०,९८३ | ११३,६३९ | २,७२७,३४३ |
| **जम्मा इनर्जी** | | | | | | | ७३,४१६,९४३ | २,९३६,६७८ | ७०,४८०,२६६ |

**नोट :** १) यस टेबलमा दिइएको भन्दा फरक दिन संख्या परेका महिनाहरुमा यस टेबलको आधारमा निस्कने प्रति दिनको कन्ट्रयाक्ट इनर्जी निर्धारण गरिनेछ ।

२) विद्युत खरिद सम्झौताको बुँदा ३८.१८ मा व्यवस्था भए अनुसार व्यापारिक उत्पादन भएको प्रत्येक ५ वर्ष पूरा भए पछि प्रत्येक महिनाको कन्ट्र्याक्ट इनर्जी परिवर्तन गर्न सकिनेछ ।

**Table III**

| | | |
|---|---|---|
| सुख्खायाम (मंसीर १६ देखि जेष्ठ १५ सम्म) को कूल इनर्जी (kwh) | २२,००६,५१२ | ३१.२२% |
| वर्षायाम (जेष्ठ १६ देखि मंसीर १५ सम्म) को कूल इनर्जी (kwh) | ४८,४७३,७५४ | ६८.७८% |
| **जम्मा वार्षिक इनर्जी (kwh)** | **७०,४८०,२६६** | **१००.००%** |

**Electricity Sales Rate**

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी) | सुख्खायाम (मंसिर १६ देखि जेष्ठ १५ सम्म) (प्रति युनिट रु.) | वर्षायाम (जेष्ठ १६ देखि मंसिर १५ सम्म) (प्रति युनिट रु.) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |
| ९७ औं महिना देखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

१०. **Project Construction शुरु र सम्पन्न हुने मिति सम्बन्धमा :**

| | |
|---|---|
| आयोजना सुरु भएको मिति : | २०७८/०३/०४ |
| व्यापारिक उत्पादन भएको मिति : | २०८१/०४/१६ |